# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३२७ | काठमाडौं | शुक्रबार, १३ चैत २०८२ | Prabhab National Daily | Friday, 27 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# रचनात्मक सहयोग गर्ने प्रतिपक्षको वचन



प्रतिपक्षमा रहेर सरकारलाई जवाफदेही बनाउन प्रश्न गर्छौं, सहयोग गर्छौं, सरकारले गर्नुपर्ने काममा प्रतिपक्षले रचनात्मक सहयोग गर्नेछ। सरकार र देशलाई सघाउने पक्षमा सदैव सकारात्मक भूमिकामा रहने छौं। प्रतिपक्षमा रहेर सशक्त भूमिका निर्वाह गर्छौं

**हर्कराज राई**
अध्यक्ष, श्रम संस्कृति पार्टी

**प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को नेतृत्वमा बन्ने सरकारलाई प्रतिपक्षले रचनात्मक सहयोग गर्ने प्रारम्भिक प्रतिक्रिया आएको छ। पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले सरकारलाई सकारात्मक काममा सहयोग रहने बताए।

बिहीबार शपथ लिन सिंहदरबार पुगेका दाहालले राम्रो काममा रास्वपा सरकारलाई साथ रहने बताएका हुन्। 'बहुमत ल्याएर सरकार बनाउने साथीहरूलाई बधाई र शुभकामना भन्छु। सकारात्मक र रचनात्मक काममा सहयोग रहन्छ,' दाहालले भने।

नेकपा (एमाले) की सचिव पद्मा अर्यालले गुण र दोषका आधारमा सरकारलाई सहयोग गर्ने बताइन्। संघीय संसदमा शपथग्रहण गरिसकेपछि अर्यालले प्रतिपक्षको हैसियतले गुण र दोषका आधारमा सकारात्मक काममा सहयोगी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेकी हुन्। 'प्रतिपक्षको भूमिकामा भएको हुनाले गुण र दोषका आधारमा सकारात्मक काममा हाम्रो सहयोगी भूमिका हुन्छ, त्यो हाम्रो प्रतिबद्धता हुन्छ, सहकार्यको अपेक्षा हुन्छ', एमाले सचिव अर्यालले भनिन्, 'हाम्रो चाहना भनेको जनसेवा र राष्ट्रसेवा हो, यसका लागि धेरै लोकतान्त्रिक शक्तिहरूसँग मिलेर काम गर्नुपर्ने हुन्छ, मुलुकको विकास र समृद्धि जनताको आवाजलाई बुलन्द बनाउन आफ्ना भूमिकालाई प्रभावकारी बनाउँछौं।'

नेपाली कांग्रेसका सांसद योगेश गौचन थकालीले जनादेश र मतादेशको उच्च सम्मान गर्दै आफ्नो पार्टीले असल प्रतिपक्षीय भूमिका निर्वाह गर्ने बताए। संघीय संसद्मा शपथ ग्रहण गरिसकेपछि सांसद थकालीले कांग्रेसलाई निर्वाचनबाट प्रतिपक्षीय भूमिकाको जिम्मेवारी मिलेको बताए। सोही बमोजिम एउटा असल जनप्रतिनिधि हुँदै असल प्रतिपक्षीय भूमिका निर्वाह गर्ने उनको भनाइ थियो। 'हिजोको कमी कमजोरीलाई स्वीकारेर थप परिष्कृत ढंगले एउटा असल जनप्रतिनिधि बन्ने प्रयासको क्रममा मैले मेरो तर्फबाट जति पनि योगदान दिन सक्छु, सबै विधि विधायनको प्रक्रियामा होस्,

क्रमशः पृष्ठ ५ मा

## धेरै आशा बोकेर बिदा माग्दै छु : *प्रधानमन्त्री कार्की*



**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने कार्यभार पूरा गरेर केही सन्तुष्टि र धेरै आशा बोकेर आफू जिम्मेवारीबाट बिदा हुन लागेको बताएकी छन्। प्रतिनिधिसभाका नयाँ सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिइ नयाँ सरकार गठनको तयारी भएका बेला प्रधानमन्त्री कार्कीले बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै यस्तो बताएकी हुन्।

जेन-जी विद्रोहपछि जननिर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्न पाउँदा आफू सन्तुष्ट भएको कार्कीको भनाई छ। 'देश संकटमा रहेका बेला केही आशाको दियो बाल्न सकिन्छ कि भन्ने आत्मविश्वास जुटाएर म यहाँ आएकी थिएँ। परिवर्तनकामी युवा पुस्ताको आग्रहमा, छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यले मैले यो भूमिका स्वीकार गरेकी थिएँ। अहिले म केही सन्तुष्टि र धेरै आशा बोकेर बिदा माग्दै छु,' कार्कीले भनिन्।

क्रमशः पृष्ठ ५ मा

# बालेन : मेयर छाडेको दुई महिनामै प्रधानमन्त्री

- प्रजातन्त्रको बहालीपछिकै सर्वाधिक कलिला प्रधानमन्त्री बन्दै
- ३६ वर्षे बालेन सक्रिय राजनीतिमा आएको साढे तीन वर्षमै प्रधानमन्त्री
- मधेसी समुदायबाट प्रधानमन्त्री बनेर कीर्तिमान कायम गर्दै
- राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्ने

**जेबी योञ्जन**

**काठमाडौं–** देशले आज ४०औं प्रधानमन्त्रीका रूपमा बालेन्द्र शाह 'बालेन'लाई पाउँदैछ। राष्ट्रपति रामचन्द्र पौडेलले उनलाई आज दिउँसो १२:३४ बजे शीतल निवासमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउँदैछन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उनलाई प्रधानमन्त्रीका रूपमा अघि सारेको हो। बिहीबार संसदीय दलको नेता चयन गरेर प्रधानमन्त्री बन्ने बाटो रास्वपाले खोलिदियो। उनी रास्वपाका वरिष्ठ नेतासमेत हुन्। सत्ताको बागडोर सम्हाल्न लागेका बालेन साढे तीन वर्षकै छोटो राजनीतिक यात्रामै देशको सर्वोच्च कार्यकारी पदमा पुगेका हुन्।

शपथ ग्रहण समारोहमा परम्परागत धार्मिक विधिअनुसार सातवटा शंखबाट शंखनाद, १०८ बटुकबाट स्वस्ति वाचन तथा बौद्ध भिक्षुहरूद्वारा अष्टमंगल पाठ गरिने कार्यक्रम तय गरिएको छ। पार्टी महामन्त्री कविन्द्र बुर्लाटकोटीका अनुसार शपथपछि दिउँसो २:१५ बजे सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदबहाली गर्ने कार्यतालिका छ।



गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा बालेन झापा-५ बाट निर्वाचित भएका हुन्। उनले त्यहाँ पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भारी मतान्तरले पराजित गरे। ओली पनि एमालेबाट भावी प्रधानमन्त्रीमा प्रस्तावित नेता थिए। उनलाई नै पराजित गरेर बालेन प्रधानमन्त्रीको दाबेदार बन्दै संसद् प्रवेश गरेका हुन्। फेरि उनको दल रास्वपाले निर्वाचनबाट अभूतपूर्व जनमत पायो। अर्थात् प्रत्यक्ष र समानुपातिकबाट गरी रास्वपाको १८२ सिट प्रतिनिधिसभामा छ। जबकि सरकार गठन गन १३८ सांसद भए पुग्छ। तर, दुई तिहाई नजिकको बहुमत प्राप्त गर्‍यो। संसदीय यो अंकगणितले देखाउँछ- बालेन शक्तिशाली प्रधानमन्त्री बन्दैछन्। उनी ३६ वर्षका भए।

देशमा प्रजातन्त्रको बहालीपछि संघीय लोकतान्त्रिक गणतन्त्रको दशक अवधिसम्ममा यति कलिला प्रधानमन्त्री देशले पाएको थिएन। फेरि राजनीतिमा आएको यति छोटो समयमा पनि प्रधानमन्त्री पनि कोही बनेका थिएनन्। जातीय कोणबाट भन्दा मधेसी समुदायबाट अहिलेसम्म कोही पनि नेता प्रधानमन्त्री बनेका थिएनन्। बरु आदिवासी जनजातिबाट मरिमानसिंह श्रेष्ठ एकपटक प्रधानमन्त्री भए। जेन-जी विद्रोहपछि गठित चुनावी सरकारमा महिला प्रधानमन्त्री भइन्। उनी हुन् - सुशीला कार्की। बाँकी सबै प्रधानमन्त्रीहरू खस-आर्य समुदायका मात्रै हुन्। तर, यसपटक मधेसका नागरिक बालेन देशको सर्वोच्च कार्यकारी पदीय जिम्मेवारी सम्हाल्न पुग्दैछन्।

उनी २०७९ को वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए। त्यसबेला उनी स्वतन्त्र उम्मेदवार बनेर लडेका थिए। स्थापित दल कांग्रेस, एमालेलगायत दलका उम्मेदवारहरूविरुद्ध विजयी हासिल गर्दै उनी करिब साढे तीन वर्ष प्रमुख भए। गत माघको ४ गते राजीनामा दिएर संसदीय राजनीतिमा आएका हुन्।

क्रमशः पृष्ठ ५ मा

मतादेश र जनादेश उनका लागि अनुकूल छ, सरकार कसैले ढालिदिन्छ भन्ने कुनै संशय छैन तर सुशासन र भ्रष्टाचार नियन्त्रणको एजेन्डा बोकेका उनलाई यही दुईवटा काम गर्न मुख्यतः चुनौतीपूर्ण देख्छु।

**लोकराज बराल**
राजनीतिशास्त्री

बालेन जादुमयी नेता होइनन् तर पुराना दलहरूप्रतिको वितृष्णा र आक्रोशको मत बालेनतिर सोझियो र उनी लोकप्रियताको शिखरमा छन् यो भनेको उनीप्रतिको विश्वास हो, भरोसा हो। हेरौं उनी कति परिणाममुखी बन्छन् प्रधानमन्त्रीका रूपमा ?

**भेषराज घिमिरे**
राजनीतिशास्त्री

**सन्दर्भ: वैदेशिक रोजगार**

# साढे तीन महिनामै बिदा भए श्रममन्त्री भण्डारी

- भदौ २३ र २४को आन्दोलनपछि करिब तीन महिना नेतृत्वबिहीन बनेको श्रम मन्त्रालयको जिम्मेवारी राजेन्द्रसिंह भण्डारीले गत मंसिर २६ गते सम्हालेका थिए
- मन्त्री भण्डारीले गत पुस ८ गते रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण बढाइएको शुल्क खारेज गरेका थिए
- श्रममन्त्री भण्डारीले दश हजार सेवा शुल्क खारेज गर्नुपर्छ भन्ने अभिव्यक्ति विवादित बनेको थियो

**ममता थापा**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्रसिंह भण्डारी मन्त्रालयको नेतृत्व सम्हालेको साढे तीन महिनामै बिदा भएका छन्। खाडी मुलुकमा नेपालीले रोजगारीबारे अन्योलता झेलिरहेको समयमा भण्डारी बिहीबार मन्त्रालयबाट बिदा भएका हुन्।

चुनावी सरकारका मन्त्री भण्डारीले खाडीको समस्यामा खासै कुनै कदम चाल्न नसकेको बताइएको छ। बिदाइ भेटमा मन्त्रालयका प्रवक्ता पिताम्बर



घिमिरेले भने मन्त्री भण्डारीको प्रशंसा गरे। 'मन्त्रीज्यूले तोकिएकै समयमा निर्वाचन गराउन सफल भइयो, बाँकी समयमा केही सुधारका काम भए, केही पाइपलाइनमा छन्। मन्त्रालयले राम्रो नेतृत्व पाए धेरै काम गर्न सकिन्छ भन्नुभयो,' घिमिरेले भने।

कार्यक्रममा श्रमसचिव डा. दिपक काफ्लेले भण्डारीलाई मायाको चिनो प्रदान गरे। भदौ २३ र २४को आन्दोलनपछि करिब तीन महिना नेतृत्वबिहीन बनेको श्रम मन्त्रालयको जिम्मेवारी भण्डारीले गत मंसिर २६ गते सम्हालेका थिए। नेपाल प्रहरीका पूर्व एआइजी समेत रहेका उनले जिम्मेवारी सम्हालेलगत्तै वैदेशिक रोजगार क्षेत्रका विकृति हटाउने बताएका थिए। मन्त्री भण्डारीले साढे तीन महिनाको अवधिमा महत्वपूर्ण काम गर्न सफल भएको प्रवक्ता घिमिरेको भनाइ छ। साउदी अरबसँगको पहिलोपटक श्रम सम्झौता, स्वास्थ्य परीक्षणको शुल्क समायोजन, स्पेसल टास्क फोर्सको गठनलगायत काम स्मरणयोग्य रहेको उनले बताए।

'रियादमै गएर साउदी अरबसँग द्विपक्षीय सम्झौता गर्‍यौं। त्यसपछि ओमान र इजरायलसँगको श्रम सम्झौता पनि सही गर्ने चरणमा छ,' उनले भने, 'स्वास्थ्य परीक्षणको शुल्क बृद्धिलाई घटाएर साबिक बमोजिक गराइदिनुभयो। स्पेसल टास्क फोर्समार्फत स्वास्थ्य संस्थाहरूको अनुगमन भयो।'

मन्त्री भण्डारीले गत पुस आठ गते रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण बढाइएको शुल्क खारेज गरेका थिए। मन्त्रालयले गत कात्तिक ३० गते ३४ प्रकारका परीक्षणको नौ हजार ५०० शुल्क कार्यान्वयन भएको जनाएको थियो। उक्त निर्णय खारेज भएसँगै हाल छ हजार ५०० मा स्वास्थ्य परीक्षण भइरहेको छ। त्यसपछि टास्क फोर्सको टोलीले माघ २५ गतेबाट स्वास्थ्य संस्थाको अनुगमन थालेको थियो। चुनावअघि ६६ वटा संस्थाको मात्र अनुगमन सकिएको मन्त्रालयको अनुगमन शाखाले जनाएको छ।

क्रमशः पृष्ठ २ मा

**कार्की आयोगको प्रतिवेदन**

# एमालेलाई अस्वीकार्य कांग्रेसका लागि अपुरो

**प्रभाव संवाददाता**

**काठमाडौं–** एमाले अध्यक्ष केपी शर्मा ओलीले गौरीबहादुर कार्की आयोगले सार्वजनिक गरेको जेन-जी विद्रोहको प्रतिवेदन अस्विकार्य रहेको बताएका छन्। बिहीबार ललितपुरको च्यासलमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले कार्की आयोगको प्रतिवेदन खेदजनक रहेकोसमेत बताए।

ओलीले प्रधानमन्त्री भएबापत अपराधी हुनुपर्ने स्तरहीन खालको क्रियाकलाप भएकोसमेत टिप्पणी गरे। 'आयोगको प्रतिवेदन चरम लापरबाही, चरित्र हत्या गर्ने र घृणाको राजनीति गर्ने खालको छ। यो अत्यन्तै निन्दनीय र खेदजनक छ। अस्वीकार्य छ। प्रधानमन्त्री भएबापत अपराधी हुनुपर्ने ? कस्तो स्तरहीन खालको क्रियाकलाप भइरहेको छ ?' ओलीले प्रश्न गरे।

भदौ २३ र २४ मा भएको जेन-जी विद्रोहसम्बन्धी जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदन बुधबार सञ्चार माध्यममा सार्वजनिक भएको थियो। उक्त प्रतिवेदनमा जेन-जी विद्रोहमा भएको हत्याको मुख्य दोषीका रूपमा ओलीलाई कारबाहीको सिफारिस गरिएको छ।

अध्यक्ष ओलीले कार्की आयोगको प्रतिवेदनले यथार्थभन्दा बाहिर रहेको तर्क गरे। 'यथार्थ प्रतिवेदन आउँदैन भनेर हामीले भनिसकेका थियौं। एमाले अध्यक्ष र तत्कालीन प्रधानमन्त्री, जसको घटनास्थलमा उपस्थितिअ नै छैन अनि तिनकाविरुद्ध फौजदारी अभियोगअन्तर्गत छानबिन गर्न र मुद्दा चलाउन सिफारिस गरेको छ,' उनले भने।

न्यायाधीश भइसकेका र प्रहरीका उच्च ओहोदामा बसिसकेका मान्छेहरूले गरेको छानबिन अत्यन्त निराधार रहेको उनको भनाइ छ। उनले आयोगको प्रतिवेदनमा चरम लापरबाही गरिएको बताए।

कांग्रेसका लागि अपुरो


नेपाली कांग्रेसले कार्की आयोगको प्रतिवेदन अपुरो रहेको जनाएको छ। कांग्रेसले बिहीबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी उक्त प्रतिवेदन अपुरो र प्रथम दृष्टिमै कमजोर रहेको जनाएको हो।

क्रमशः पृष्ठ २ मा



आयोगको प्रतिवेदन चरम लापरबाही, चरित्र हत्या गर्ने र घृणाको राजनीति गर्ने खालको छ। यो अत्यन्तै निन्दनीय र खेदजनक छ। अस्वीकार्य छ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



प्रथम दृष्टिमा यो अपूर्ण देखिएको छ। अलि अधुरो देखियो। यसले पूर्णता बोकेको छैन। हामीले यो प्रतिवेदन राम्रो अध्ययन गरिसकेका छैनौं। अब विज्ञ सम्मिलित अध्ययन समिति नै बनाउँछौं

**देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

पृष्ठ १ बाट क्रमशः

## बालेन : मेयर...

उसो त उनी काठमाडौंका प्रमुख हुनुअघि पनि राजनीतिक गतिविधिमा भने सरिक थिए । खासगरी उनी वैकल्पिक राजनीतिको धारमा देखिएका थिए । विगतमा राजनीतिक अस्थिरता छँदा विभिन्न दलले बन्द हट्ताल गरेको बेला प्रतिकारमा 'नेपाल खुला छ' भन्दै सडक प्रदर्शनमा आउँथे । देशमा सुशासन र भ्रष्टाचार नियन्त्रण मुद्दामा सडकमा आउँथे ।

र्‍याप गीतमार्फत उनी आफ्ना अभिव्यक्ति सबैभन्दा प्रभावकारी ढंगले व्यक्त गर्दथे । त्यसैले त उनी नेपाली हिप-हप क्षेत्रमा मात्र परिचित थिए । 'बालेन' नामबाट उनले गाएका र्‍याप गीतहरूले भ्रष्टाचार, सामाजिक असमानता र राजनीतिक विकृतिमाथि तीखा टिप्पणी हुन्थे । तर, उनका र्‍यापमा महिलामाथि तुच्छता झल्किएको र अश्लिलतालाई प्रबर्द्धन गरिएको भन्दै कतिपय महिलाहरूले आलोचना गरेका थिए ।

उसो त काठमाडौंका प्रमुख छँदा पनि उनी पदीय मर्यादाविपरीतका अभिव्यक्ति दिन्थे । कहिले हिंसाप्रेरित त कहिले अराजकता झल्किने स्टाटस लेख्थे । सार्वजनिक आलोचना बढेपछि हटाउँथे ।

उनी ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटकस्थित विश्वेश्वरैया राष्ट्रिय प्रौद्योगिक संस्थानबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरेका नेता हुन् । त्यसैले उनी प्राविधिक पृष्ठभूमिका राजनीतिज्ञका रूपमा चिनिन्छन् ।

२०७२ सालको महाभूकम्पपछि उद्धार र राहत कार्यमा सक्रिय रहँदा उनले समाजसेवी छवि बनाएका थिए । उनको राष्ट्रिय छवि बनेको भने २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौंको प्रमुख निर्वाचित भएपछि नै हो । त्यसपछि उनी राष्ट्रिय मात्रै नभएर अन्तर्राष्ट्रिय चर्चाको केन्द्रमा पुगे ।

प्रमुखका रूपमा उनले सरसफाइ, शिक्षा, डिजिटल सेवा र सार्वजनिक संरचना व्यवस्थापनका क्षेत्रमा काम गरे । तर, ३५ प्रतिशतभन्दा बढी पुँजिगत अर्थात् विकास बजेट खर्च गर्न सकेनन् । तर, उनको लोकप्रियता कहिल्यै ओरालो लागेन । जेन-जी विद्रोहमा पर्दा पछाडिका सर्वोच्च कमान्डरको भूमिकामा देखिएका उनी त्यसपछि झनै लोकप्रिय बने । उनलाई विद्रोहपछि निम्तिएको राजनीतिक शून्यताको अवस्थामा प्रधानमन्त्रीमा जेन-जीहरूबाट अगाडि सारिएका थिए । तर, उनले त्यसबेला प्रधानमन्त्री बन्न चाहेनन् । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की बनिन् ।

अब भने बालेन शक्तिशाली प्रधानमन्त्री बन्दैछन् । उनी महागनर प्रमुख छँदा डिग्रीले भन्दा सीपले रोजगारी पाउने वातावरण बनाउने बताउँथे । उनी अहिले पनि राजनीतिभन्दा धेरै विकासका भिजनका कुरा गर्छन् । रास्वपा प्रवेशपछि ५ माघमा जनकपुरको उद्घोष सभामा उनले सोधेका थिए, 'म काम गर्ने मान्छे हुँ, म काम गरेर देखाउँछु । मलाई काम गर्न अवसर दिनुहुन्छ ?'

उनै बालेन आजदेखि काम गरेर देखाउने भूमिकामा आइपुगेका छन् । राजनीतिशास्त्री लोकराज बरान बालेन निकै चुनौतीपूर्ण अवस्थामा शासनसत्ता सम्हाल्न पुगेको बताउँछन् । जनतामा व्याप्त निराशा चिर्दै देशमा सुशासन र भ्रष्टाचार नियन्त्रण गर्नु उनका लागि सबैभन्दा चुनौतीपूर्ण रहेको बराल ठान्छन् ।

उनले प्रभावसँग भने, 'मतादेश र जनादेश उनका लागि अनुकूल छ, सरकार कसैले ढालिदिन्छ भन्ने कुनै संशय छैन तर सुशासन र भ्रष्टाचार नियन्त्रणको एजेन्डा बोकेका उनलाई यही दुईवटा काम गर्न मुख्यतः चुनौतीपूर्ण देख्छु ।' यसबाहेक देशमा रोजगारी सिर्जना, राज्यको हरेक निकायलाई गाँजेको दलीयकरणको अन्त्यदेखि कर्मचारीतन्त्रलाई 'रिफर्म' गर्नु पनि चुनौतीपूर्ण रहेको बताउँछन् । उनले भने, 'बोले जसरी परिणाम दिन त्यति सजिलो छैन । तर, आँटे नहोला भन्न सकिँदैन ।' बालेन आशाका प्रतीक बनेका छन् । उनीप्रति ठूलो संख्याका जनताको भरोसा छ । अर्का राजनीतिशास्त्री डा. भेषराज घिमिरे पनि बरालले जसरी सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना मुख्य चुनौती बताउँछन् ।

उनले भने, 'बालेन जादुमयी नेता होइनन् तर पुराना दलहरूप्रतिको वितृष्णा र आक्रोशको मत बालेनतिर सोझियो र उनी लोकप्रियताको शिखरमा छन् यो भनेको उनीप्रतिको विश्वास हो, भरोसा हो । हेरौं उनी कति परिणाममुखी बन्छन् ?' बालेनसँग संसदीय राजनीतिको अनभुव छैन । देशको शासनसत्ता सञ्चालनको त अनुभव हुने कुरै भएन । यस्तोमा उनले देशलाई समृद्धि र विकासको दिशामा लान्छन् ? कि संकटको मार्गमा ? त्यो हेर्न बाँकी छ ।

■■■

## साढे तीन...

अनुगमनक क्रममा सबैजसो संस्थाहरू समस्याग्रस्त देखिएका थिए । टास्क फोर्सले अनुगमन भएजति संस्थाको रिपोर्ट बुझाएर आवश्यक कारवाही अघि बढाउन सुझाव दिइए पनि उक्त निर्णय भने कार्यान्वयन हुन सकेन । चुनावले कामले प्रभावित भएकाले भएकाले बाँकी कामले आगामी दिनमा पनि निरन्तरता पाउने प्रवक्ता घिमिरेले बताएका छन् ।

त्यस्तै, मन्त्री भण्डारीको कार्यकालमा जापान इन्टरनेसनल ट्रेनिङ कोअपरेसन अर्गनाइजेसन (जिट्को) अन्तर्गत प्रतिक्षार्थी कामदार पठाउने सम्बन्धी निर्देशिका खारेज हुँदा जापान रोजगारीमा श्रमिक पठाउन सहज भएको जनाइएको छ । साथै, इराकमा भएका नेपालीलाई श्रम स्वीकृति दिने व्यवस्था कार्यन्वयनमा ल्याएको पनि जनाइएको छ ।

### 'दलाल नियन्त्रण गर्छु भन्ने जाँगर थियो'

श्रममन्त्री भण्डारीले वैदेशिक रोजगार क्षेत्रका विसंगतिलाई हटाउने जाँगर देखाए पनि यो क्षेत्र नै जटिल भएकाले छोटो समयमा सबै समस्याको समाधान ननिस्कने श्रमविद् डा. युवराज बस्नेतले बताए । यद्यपि विगतका मन्त्रीहरूमा देखिनेजस्तो स्वार्थ भण्डारीमा नपाएको उनले बताए ।

'दलालहरूलाई नियन्त्रण गर्छु भन्ने ठूलो जाँगर उहाँमा थियो । यो भावनाको कदर गर्नुपर्छ । तर यो निकै जकडिएको विषय भएकाले तीन महिनामा कसैले तोड्न सक्नेजस्तो लाग्दैन,' बस्नेतले भने, 'विगतमा लोभीपापीले वैदेशिक रोजगार व्यवसायीसँग बसेर पैसा खाएर हिँड्ने जस्तो काम उहाँबाट भएन । स्वच्छ नै किसिमले जानुभयो ।'

भण्डारी चुनावी सरकारको मन्त्री भएकाले र श्रम क्षेत्रको ज्ञान पनि कमी भएकाले पनि समस्या भएको बस्नेतको भनाइ छ । मेडिकलको शुल्क वृद्धि खारेजको काम भने सम्झनलायक भएको बस्नेतले बताए । 'स्वास्थ्य परीक्षणको शुल्कवृद्धि खारेज गर्नुभयो । त्यसलाई सम्झनलायक काम भन्न सकिन्छ । जनताको लागत घटाउने प्रयासलाई धन्यवाद नै दिनपर्छ,' उनले भने, 'तर यही राम्रोसँग परीक्षण गर्नुपरेको अवस्थामा योभन्दा अघिको कार्यविधिले तोकेको पैसा त्यति चाहिने पनि हुने रहेछ । यसका लागि स्ट्रक्चरल ट्रान्सफर्मेसन चाहिन्छ ।'

श्रममन्त्री भण्डारीको दश हजार सेवा शुल्क खारेज गर्नुपर्छ भन्ने अभिव्यक्ति विवादितसमेत भएको थियो । उनले उठाएको विषय जायज भएपनि समय गलत भएको बस्नेतको टिप्पणी छ । 'नेपालबाट १० हजारमा पठाउँछन् भन्ने अनुमान गर्नेमात्र हो । विभिन्न सरकारी निकायमा बुझाउने खर्च नै साढे सात हजार छ,' बस्नेतले भने, 'उहाँले गरेको विषयको उठान ठीक भएपनि गलत समयमा भएकाले चुनावी सरकारले पैसा खाएर गर्न लाग्यो भन्ने आरोप चाहिँ लाग्यो । तर रिभाइज गर्नुपर्ने विषय हो यो ।'

भण्डारीको कार्यकालमा साउदी अरबसँग पहिलोपटक द्विपक्षीय सम्झौता हुनु पनि उत्तिकै महत्वपूर्ण विषय भएको बस्नेतको भनाइ छ । अघिल्लो सरकारले सम्पूर्ण तयारी गरेको सम्झौतामा भण्डारीले हस्ताक्षरमात्र गरेको भएपनि श्रमिकको अधिकारलाई बढावा दिइएको विगतको भन्दा फरक सम्झौता भएको उनले बताए । नयाँ प्रोटोकल बनाएर महिला कामदारलाई व्यवस्थापन गर्न सकिने आधार उक्त सम्झौताले ल्याएको जनाइएको छ ।

धमिलिएको वैदेशिक रोजगारीको क्षेत्र छोटो समयमा सुधार्न नसकिने भएकाले मन्त्रीले अन्तिम समयमा सुरक्षित बहिर्गमन रोजेको जनाइएको छ । केही महिनाका लागि हुने मन्त्रीलाई कर्मचारीले पनि नटेर्ने भएकाले मन्त्रीलाई समस्या पनि भएको उनले बताए ।

■■■

## एमालेलाई...

'प्रथम दृष्टिमा यो अपूर्ण देखिएको छ । अलि अधुरो देखियो । यसले पूर्णता बोकेको छैन,' कांग्रेस प्रवक्ता देवराज चालिसेले भने । यो प्रतिवेदन अध्ययनका लागि कांग्रेसले समितिसमेत बनाउने चालिसेले बताए । प्रतिवेदनको अध्ययन गर्न कानुनका जानकार, शासन सत्तामा अनुभव भएका व्यक्ति र जेनजी आन्दोलनमा सहभागीलाई समावेश गरेर समिति बनाउने उनले बताए । 'हामीले यो प्रतिवेदन राम्रो अध्ययन गरिसकेका छैनौँ । अब विज्ञ सम्मिलित अध्ययन समिति नै बनाउँछौँ,' प्रवक्ता चालिसेले भने ।

## बारले बनायो समिति

नेपाल बार एसोसिएसनले जाँचबुझ आयोगको प्रतिवेदनमाथि असहमति व्यक्त गर्दै अध्ययन समिति गठन गरेको छ । बारले प्रतिवेदन अध्ययन गर्न अध्यक्ष विजयप्रसाद मिश्रको अध्यक्षतामा समिति पनि गठन गरेको हो । बिहीबार बसेको बारको आकस्मिक बैठकले स्वतन्त्र न्यायपालिका, कानून व्यवसाय लगायतका क्षेत्रमा गरेको टिप्पणीमाथि असहमति प्रकट गर्दै समिति गठन गरेको जनाएको छ । समितिमा बरिष्ठ अधिवक्ताहरू सुजन लोप्चन, टीकाराम भट्टराई, डा. दिनमणि पोखरेल र सदस्य सचिवको रूपमा महासचिव केदारप्रसाद कोइराला छन् । समितिले मानव अधिकार आयोगले छिट्टै सार्वजनिक गर्ने यससम्बन्धी अर्को प्रतिवेदन समेत अध्ययन गर्नेछ ।

न्यायायाधीश, कानून व्यवसायी र कतिपय फैसलामाथि टिकाटिप्पणी गरेको आयोगले भदौ २४ मा मुलुकको सर्वोच्च अदालत, नेपाल बार एसोसिएसन र महान्यायाधीवक्ताको कार्यालय लगायतका ठाँउमा आगजनी गर्नेहरूको पहिचान गर्न नसकेको निष्कर्ष निकालेको छ । कार्यादेश अनुसारको आफ्नो काम नगरी आयोगले अन्य आत्मपरक र मनोगत विषयवस्तुहरू प्रतिवेदनमा समावेश गरेको भन्दै विस्तृत धारणा तय गर्न अध्ययन समिति बनाएको दाबी गरेको छ ।

यसैगरी बारले प्रतिवेदनबारे प्रधानन्यायाधीशमार्फत सर्वोच्च अदालतको पूर्ण बैठक(फुल कोर्ट)को ध्यानाकर्षण गराउने निर्णय गरेको छ । फुल कोर्टमा सर्वोच्च अदालतका सबै न्यायाधीशहरू रहन्छन् ।

संविधानविद् भीमार्जुन आचार्यले कार्की आयोगको प्रतिवेदनले देशद्रोहीको चाहना पुरा भएको टिप्पणी गरेका छन् । बिहीबार आफ्नो सामाजिक सञ्जालमा टिप्पणी लेख्दै कार्कीले आयोगको प्रतिवेदन देश जलाउन चाहने योजनाकारको चाहना पुरा गर्ने खालको बताएका हुन् । 'गाईको बारेमा निबन्ध लेख्न भनेकोमा लद्दु विद्यार्थीले चार ओटा खुट्टा त मिल्छ नि भनेर गधाको निबन्ध लेखेर कपी बुझाएजस्तो भयो जाँचबुझ आयोगको प्रतिवेदन । भदौ २३ र २४ को त्यति संवेदनशील अपराध र देशद्रोहलाई पुरै विषयान्तर गरी त्यो केही पनि होइन र त्यस दिन खास केही भएकै थिएन जस्तरी प्रतिवेदन बनाउन आयोग सफल भयो,' आचार्यले भनेका छन्, 'उक्त घटनाका योजनाकार र संलग्नहरूको चाहना यही थियो, शायद पुरा भयो । देश अझैं देश जस्तो हुन सकेन । जनताको करबाट पालिने राज्यका पदाधिकारी देश र जनता भन्दा अरूका सेवक जस्ता भए र देखिए ।'


**पसल खाली गरिदिने सार्वजनिक सूचना**

तपाई सुरेश जंग क्षेत्री, बझाङ्ग सम्पर्क नं. ९८६९१०२३३७, स्थायी घर भइ हाल मेरो घर ललितपुर महानगरपालिका वडा नं. ९, बालकुमारीमा एक पसल भाडामा लिइ आल्मुनीयमको व्यवसाय गर्दै आएकोमा विगत ३ महिना देखी पसल बन्द गरी सम्पर्क विहीन भएकोले तपाइको सम्पर्क नं. मा फोन गर्दा कानुन बमोजिम गर्नु भनेकोले तपाइले आजको मितिले ३५ दिन भित्रमा मेरो हिसाब मिलान गरी कोठा खाली गरिदिनुहोला, अन्यथा कानुनी प्रकृया अपनाइ खाली गरिनेछ ।

**कुमार प्रसाद दाहाल**
ललितपुर-९, बालकुमारी
सम्पर्क : ९८६२९०५९९९



**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**

**सूचना**

प्रकाशित मिति : २०८२/१२/१३

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Araniko Overseas Pvt. Ltd.** (ई.प.नं.884/067/68) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाउँ भनि निवेदन दिएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन मिति २०८२/०५/१८ को निर्णयानुसार अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१० | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.०३ |



**डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउसको प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाईको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१३**

बागमती प्रदेशको, भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नं. ०८, सिपाडोलमा डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउसको लिमिटेड द्वारा सञ्चालनमा रहेको डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउसको ४३ कोठा र ६८ शय्या क्षमतामा रिसोर्टको स्तरोन्नती तथा सञ्चालनको लागि, वातावरण संरक्षण ऐन २०७६, तथा वातावरण संरक्षण नियमावली २०७७ को प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने क्रममा वातावरण संरक्षण नियमावली २०७७ नियम (६) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सुनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो । उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच सार्वजनिक सुनुवाई निम्न मिती, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनवाई हुने मिती, समय र स्थान**

मितीः २०८२/१२/२२ गते, आईतबार, समयः दिउँसो ८:३० बजे
स्थानः डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस, सूर्यविनायक न.पा.-८, सिपाडोल, भक्तपुर
आयोजक डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस लिमिटेड



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

**सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/१२/१३

नेपाल सरकारबाट वैदेशिक रोजगार संचालन गर्न ईजाजत प्राप्त संस्था Nepal International Overseas Pvt. Ltd. (इ.प.नं. 632/063/64) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको यस विभागको मिति २०८२/१२/१० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरुको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम र शेयर संख्या |
|---|---|
| १. केदार प्रसाद खकुराल -०१ देखि ४०००० सम्म | १. मिन बहादुर विश्वकर्मा -०१ देखि ४०००० सम्म |


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, १३ चैत, २०८२

| | |
|---|---|
| **मेष** | मनमा उत्साह छाउनेछ । गुरु जनको आदर गर्नाले दिन शुभ रहनेछ । |
| **वृष** | मन बेचैन रहनेछ । शम्भु स्तुति गान गर्नाले लाभ मिल्नेछ । |
| **मिथुन** | कार्य सफल हुने योग रहेको छ । श्रीविष्णुको स्तुति गर्दा लाभ मिल्नेछ । |
| **कर्कट** | मन प्रफुल्ल रहने योग रहेको छ । माता दुर्गाभवानिको ध्यान गर्दा राम्रो हुन्छ । |
| **सिंह** | सोचेको काम सफल हुनेछन । हनुमान भगवानको स्तुति गरेमा लाभ मिल्नेछ । |
| **कन्या** | मित्रको साथ सहयोग पाउने योग रहेको छ । लक्ष्मी माताको स्तुति गरि दिनलाई सुन्दर बनाउन सकिनेछ । |
| **तुला** | प्रेम सम्बन्धमा मिठास बढ्ने योग रहेको छ । शिवजिको उपासनाबाट दिनको सुरुवात गर्नु शुभ हुन्छ । |
| **वृश्चिक** | अड्केका काम बन्नेछन । भैरवजीको स्मरण गरेमा कार्य सिद्धि हुनेछ । |
| **धनु** | यात्रामा लाभ मिल्न सक्छ । भगवान रामको स्मरणमा मन लगाउनुहोला । |
| **मकर** | आलस्य बढेर जानेछ । कार्तिकेय भगवानको स्तुति गरेमा लाभ मिल्नेछ । |
| **कुम्भ** | मन खिन्न रहला । सुवर्णमालाको जप गर्नुहोला । |
| **मीन** | अहंकार बढेर जानेछ । राम नाम जपले सुविचार छाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ चैत, २०८२ (२७ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.०७ | १५०.६७ |
| युरो | १ को | १७४.१७ | १७४.८७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.३० | २०२.११ |
| स्विस फ्रैन्क | १ को | १९०.२३ | १९०.९९ |
| अस्ट्रेलियन डलर | १ को | १०४.६१ | १०५.०२ |
| क्यानाडियन डलर | १ को | १०८.८० | १०९.२४ |
| सिङगापुर डलर | १ को | ११७.३६ | ११७.८३ |
| जापानी येन | १० को | ९.४५ | ९.४८ |
| चिनियाँ युआन | १ को | २१.७६ | २१.८५ |
| साउदी अरब रियाल | १ को | ४०.०० | ४०.१६ |
| कतारी रियाल | १ को | ४१.१६ | ४१.३२ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.८६ | ४१.०२ |
| मलेसियन रिङेट | १ को | ३७.८५ | ३८.०० |
| दक्षिण कोरियन वन | १०० को | १०.०२ | १०.०६ |
| स्विडिस क्रोनर | १ को | १६.१५ | १६.२२ |
| डेनिस क्रोनर | १ को | २३.३१ | २३.४० |
| हङकङ डलर | १ को | १९.२० | १९.२७ |
| कुवेती दिनार | १ को | ४८९.६२ | ४९१.५८ |
| बहराइन दिनार | १ को | ३९७.४८ | ३९९.०७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## प्रतिनिधि सभा शपथमा जे देखियो...









प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यहरूले शपथ लिएका छन् । गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचन सांसदहरूले बिहीबार पद तथा गोपनीयताको शपथ लिएका हुन् । विगतमा संसद् बैठक सञ्चालन हुँदै आएको नयाँ बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्र जेन-जी आन्दोलनका क्रममा जलेर क्षतिग्रस्त भएकाले र सिंहदरबारस्थित नयाँ संसद् भवन निर्माण सम्पन्न भइनसकेकाले पद तथा गोपनीयताको शपथका लागि सिंहदरबारस्थित नवनिर्मित बहुउद्देश्यीय हल प्रयोग गरिएको थियो । सोही हलमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराए । शपथमा कुल २७५ सांसदमध्ये ६३ सांसदले मातृभाषामा शपथ लिएका थिए । *तस्बिरः रासस*

# सूचनाको हक प्रवर्धनमा पत्रकारको भूमिकासम्बन्धी अभिमुखीकरण

**ललितपुर–** सूचनाको हक प्रवर्धनमा पत्रकारको भूमिकासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न सम्पन्न भएको छ। नेपाल पत्रकार महासंघ ललितपुरको समन्वय तथा ललितपुर महानगरपालिका वडा नं. २१ को सहयोगमा बिहीबार उक्त कार्यक्रम सम्पन्न भएको हो ।




खासगरी पत्रकारले प्राप्त गर्ने सूचनाहरू कुन-कुन प्रकृतिका र कस्ता-कस्ता कार्यालयमा बढी हुन्छन् ? तिनलाई प्राप्त गर्ने र ती सूचनालाई आमनागरिकसम्म कसरी पुऱ्याउन सकिन्छ ? भन्नेबारे नेपाल पत्रकार महासंघका उपाध्यक्ष उमिद बागचन्दले स्पष्ट पारेका थिए । पत्रकारले समाचार लेख्दा समाचारको स्रोत आवश्यक हुने र पत्रकारलाई सूचना मौखिक रूपमै पनि प्राप्त हुने हुँदा लिखित रूपमा सूचना माग गर्ने चलन नभएकाले त्यो कुनै अवस्थामा अदालती प्रक्रियामा जाँदा समस्या हुने बागचन्दले बताए ।

कारणबस अदालतमा मुद्दा परे समाचारको स्रोत प्रमाणको रूपमा पेश गर्नु पर्ने हुन्छ । त्यस्तो प्रमाणका लागि पनि पत्रकारले आफू र आफ्नो समाचारलाई बलियो बनाउन लिखित रूपमा सूचना माग गर्ने पद्धतिलाई ध्यान दिन बागचन्दले सुझाए ।

ललितपुर महानगरपालिका वडा नं. २१ का वडा अध्यक्ष रविन्द्र महर्जनले वडामात्र होइन, ललितपुर महानगरपालिका नै सूचनाको हक प्रवर्धनमा जिम्मेवार रहेको बताए । 'सूचनाको हकको महत्वलाई बुझेरै बजेट विनियोजन गरिएको हो,' महर्जनले भने । साथै, आगामी दिनमा पनि पत्रकार महासंघसँग सहकार्य जारी रहने उनले उल्लेख गरे ।

त्यस्तै महासंघका केन्द्रीय सदस्य सूर्य सुवेदीले हालको संघीय संरचनामा राज्यले सूचनाको हकसम्बन्धी स्पष्ट व्यवस्था गरेको भए पनि सूचना माग गर्न सरोकारवाला निकायमा आम सर्वसाधारणको पहुँच नहुने भएकाले त्यस्तो काम पत्रकारले गर्नुपर्ने सुझाव दिए । प्रत्येक कार्यालयमा एक जना सूचना अधिकारी रहनु पर्ने र ती कार्यालयहरूले प्रत्येक तीन/ तीन महिनामा सूचनाको अध्यावधिक र सार्वजनिक गर्नु पर्ने प्रावधान रहेको सुवेदीले जानकारी गराए ।

अग्रज पत्रकार प्रभुनारायण बस्नेतले कानूनभन्दा माथि कोही पनि नभएको उल्लेख गर्दै जो-कोहीले सूचना मागे पनि उपलब्ध गराउनुपर्ने बताए । महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले पहिले धेरै धनसम्पत्ति भएको व्यक्ति नै धनी मानिने गरेको उल्लेख गर्दै अहिलेको परिवेश बदलिएको बताए । उनकाअनुसार अहिले जससँग सूचना छ, ऊ नै शक्तिशाली हुने अवस्था आएको छ । साथै, महासंघसँग सहकार्य गरेकोमा उनले वडाप्रति धन्यवाद व्यक्त गरे ।


༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།

**खुम्बु पासाङल्हामु गाउँपालिका**

**Khumbu Pasanglhamu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

## Invitation For Bids

**Date of publication: 2082-12-13 (27th Mar, 2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Works | Estimated Amount (Including VAT & PS) | Bid Security NRs | Bid Docs Fee | Bid Validity Period | Bid Bond Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 48/NCB/GOODS/OFC/KPLRM/2082-83 | Procurement of Various Furniture's in KPLRM | 2,995,029.59 | 75,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.com

**Chief Administrative Officer**



**MAURITIUS मा रोजगार** कम्पनी : INSITE CONSTRUCTION LTD.

पूर्व स्वीकृति मिति : २०८२/04/१९ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/१२ LT. No. 328232 चलानी नं. ६०२४२३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 14 | 0 | 22300 | ७२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 32 | 0 | 22300 | ७२,२६० | | | | | | | |
| 3 | Maintenance Technicians | 20 | 0 | 22300 | ७२,२६० | | | | | | | |
| 4 | Mason. | 36 | 0 | 22300 | ७२,२६० | | | | | | | |
| 5 | Plasterer | 9 | 0 | 22300 | ७२,२६० | | | | | | | |
| 6 | Tiles Fixer | 35 | 0 | 22300 | ७२,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः युनिभर्सल प्राविधिक प्रतिष्ठान तथा अभिमुखीकरण केन्द्र वडा नम्बर-३ कपनमार्ग काठमाडौं, मितिः २०८२ चैत २७ र २८ गते (10th & 11th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**युएईमा रोजगार** कम्पनी : TUHI CONTRACTING LLC-SPC शहर : UAE

पूर्व स्वीकृत मितिः २०८२/१२/११ चलानी नं.: ६०२५३६५० LT.No.: 340103

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (Gen.) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ६५,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shuttering carpenters | 3 | 0 | | 1600 | ६५,३७६ | | | | | | | |
| 3. | STEEL FIXER | 5 | 0 | | 1600 | ६५,३७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २० गते (3 April 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Saudi Arabia Govt. L/C No.: 101
Govt.L/C No.: 1769/081/082

**PRO INTERNATIONAL MANPOWER PVT. LTD.**
Battisputali Gaushala, Kathmandu | Contact No.: 014533296, 014533297
986-2923570, 9823935414, 9863471212, 9810421833
Gmail: prointernational60gmail.com | Website: prointernationalmanpower.com.np



**मलेसियामा रोजगार** कम्पनी : DEFRANS ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१२ LT. No. 340235 चलानी नं. ६०२५३६५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo workers | 17 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २० गते (3rd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26, Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम ईजाजत नं.५३५/०६१/०६२



**मलेसियामा रोजगार** कम्पनी : Ccb Medical Devices Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/१२/१२ LT. No. 340206 चलानी नं. ६०२५३६५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Machine Operator | 10 | 5 | 1700 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २० गते (3rd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80



**मलेसियामा रोजगार** कम्पनी : PLAXTRON INDUSTRIAL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१२ LT. No. 340213 चलानी नं. ६०२५३६५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator Production | 17 | 0 | 1700 | ६४,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २० गते (3rd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488
श्रम ईजाजत नं. ८९८/०६७/०६८

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कार्की आयोगको प्रतिवेदन, अनुसन्धानकै धज्जी

**जेन–जी विद्रोहको क्रममा भदौ २३ र २४ गते विध्वंस भयो । उक्त घटनामा परी ७६ जनाको ज्यान गयो । यही आन्दोलनको भरमा निर्वाचन पनि भयो । आजबाट देशले संविधानअनुसार नयाँ सरकार पाउँदैछ । यद्यपि यही बीचमा जेन–जी आन्दोलनमा कसले कमजोरी गर्‍यो ? दोषी को थिए ? अब बन्ने नयाँ सरकारले कसलाई कारबाही गर्ने भन्ने विषयको निचोड अनुसन्धानको प्रतिवेदनमा आउनुपर्ने थियो ।**

**तर न्यायाधीश बनिसकेका र ख्याति कमाइसकेको श्रीमान गौरीबहादुर कार्कीको प्रतिवेदन एकपक्षीय र बढी मनोगत देखिएको छ । न्याय सम्पादनमा बस्ने श्रीमानको हातबाट बुझाइएको उक्त प्रतिवेदन खाली भदौ २३ गतेको दोषीतिरमात्र केन्द्रित देखिन्छ । उक्त दिन के कस्तो भएको थियो भन्ने विषय जगजाहेर छ । तत्कालीन सरकारमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए । कांग्रेससँगको गठबन्धनमा बनेको उक्त सरकारको मनपरी थियो नै ।**

**उक्त सरकारको नेतृत्व गरेको नेता ओली र सरकारमा संलग्न दलहरूलाई जनताले एक किसिमले सजाय दिइसकेको छ । एक त उनीहरूको सरकार ढल्यो भने फागुन २१ गतेको निर्वाचनमा दुबै दलले लज्जासपद हार बेहोरे । सत्ताको स्वाद चाख्न सत्ताकै वरिपरी घुमिरहने पुष्पकमल दाहाल नेतृत्वको दल, मधेशवादी दल र पश्चिम क्षेत्रबाट उदाएको थारुवानको दल पनि यो निर्वाचनमा बढारिए ।**

**यी दलका लागि जनताबाट पाएको यो निकै ठुलो सजाय हो । कार्की श्रीमानको आयोगले फेहरिस्त प्रस्तुत गरेको प्रतिवेदनमा पहिलो दिनमा भएगरेका दोषीलाई किटानी ठिक छ । तर दोस्रो दिन जसरी सरकारी संरचना ध्वस्त भए त्यसमा पक्कै पनि नयाँ दल र जेन–जीमात्रै संलग्न छैनन् । सरकारी संरचना, अदालत जल्दा घुसपैठको आशंका जनताले गरेका छन् । तर आयोगले यो विषयमा कुनै विषय प्रवेश गरेको छैन ।**

**आयोगले यो क्षेत्र ठुलो भएको भन्दै पन्छिन खोजेको छ । प्रतिवेदनमा दोषी पत्ता लगाएर आवश्यक कारबाही गर्न सुझाव दिनुपर्नेमा सरकार सञ्चालनको विधिहरू सिकाइएको छ । पत्रकार आचारसंहिता सिकाइएको छ । जथाभावी रूपमा बयानहरू उतारिएको छ । यस्तो अवस्थामा यो प्रतिवेदन 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' शैलीको देखिएको छ । भद्द र अनुसन्धानको कुनै ढाँचा नै नपुर्‍याई बाहिर ल्याएको यो प्रतिवेदनमाथि सबैतिर प्रश्न उठेको छ । अनुसन्धानकै धज्जी उडाइएको यो प्रतिवेदनमाथि अध्ययन गर्ने भनेर नेपाल बार एसोसिएसनले समितिसमेत गठन गरेको छ । यस्तो अवस्थामा पाँच महिना लगाएर गरिएको अध्ययन खेर जाने पक्का छ । आशा गरौं नयाँ सरकारले जेन–जी विद्रोहको क्रममा संलग्न दोषीदेखि सरकारी संरचना ध्वस्त बनाउन लागेकाहरूमाथि कारबाही गर्नेछ ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# नेपालको आँखा उपचार सेवा र नेपाल नेत्रज्योति संघ



❑ डा. शैलेशकुमार मिश्र

> "नेपालको आँखा उपचार सेवा अन्तर ष्ट्रियस्तरमा पनि अनुकरणीय एवं प्रशंसित हुँदै गएको छ । गुणस्तरीय सेवा, दक्ष जनशक्ति तथा तुलनात्मकरूपमा कम लागतका कारण छिमेकी देशहरु भारत, बंगलादेश र भुटानलगायतका मुलुकका नागरिकहरूसमेत नेपालमा आँखा उपचारका लागि आउने गरेका छन् । नेपाल नेत्रज्योति संघका अस्पतालहरूमा उपलब्ध प्रभावकारी सेवा र उच्च सफलता दरका कारण विदेशी बिरामीहरूको संख्या क्रमशः बढ्दै गएको छ । यसले नेपाललाई आँखा उपचारको सम्भावित चिकित्सा पर्यटन गन्तव्यका रुपमा स्थापित गर्ने सम्भावना पनि बढाएको छ ।

## सन्दर्भः ४८औं नेत्रज्योति दिवस

नेपालमा स्वास्थ्य सेवाको विकासको इतिहासमा 'आँखा उपचार सेवा' एउटा सफल उदाहरणका रूपमा स्थापित भएको छ । सीमित स्रोत, जटिल भौगोलिक अवस्था र स्वास्थ्य सेवाको सीमित पहुँचका बाबजुद नेपालले अन्धोपन न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । यस उपलब्धिको केन्द्रमा रहेको संस्था हो- नेपाल नेत्रज्योति संघ ।

प्रतिष्ठित समाजसेवीहरू रविशमशेर राणा, प्रा.डा. रामप्रसाद पोखरेल, मणिहर्ष ज्योति, बद्रीविक्रम थापा, अनंगमान शेरचन, बनवारीलाल मित्तल, तोलाराम दुगड, राजकृष्ण श्रेष्ठ र कमलमणि दीक्षितको अथक पहलमा नेपाल नेत्रज्योति संघको स्थापना सन् १९७८ मा भएको हो । यसमा पनि नेपालमा आँखा स्वास्थ्य सेवाको प्रवर्द्धन र विस्तारमा प्रा.डा. पोखरेलको योगदान अतुलनीय एवं ऐतिहासिक रहेको छ । उहाँलाई नेपालमा आधुनिक आँखा स्वास्थ्य सेवाको परिकल्पनाकारका रूपमा लिइन्छ । उहाँले आँखा उपचार सेवालाई व्यवस्थित, विस्तार र सर्वसुलभ बनाउने अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो ।

स्थापनापश्चात् संघले नेपाल सरकार, विभिन्न वैदेशिक दातृ निकायसँगका सहकार्यमा तत्कालीन समयमा १४ वटै अञ्चलमा आँखा अस्पताल स्थापना गर्ने उद्देश्यले समुदायसँग सहकार्य सुरुआत गरेको थियो । संघको आह्वानमा देशका विभिन्न स्थानमा समुदायले जग्गा दान गरेका थिए भने समाजसेवीले आर्थिक सहयोगसमेत गरेका थिए । यसबाट नेपालमा सर्वसुलभ, गुणस्तरीय र सहजरूपमा आँखा उपचार सेवाको विस्तारमा महत्त्वपूर्ण आधार तयार गरेको छ ।

प्रत्येक वर्ष चैत १३ गते नेपाल नेत्रज्योति संघको स्थापना दिवसका अवसरमा नेत्रज्योति दिवस मनाइन्छ । यस विशेष दिनका अवसरमा नेपालमा आँखा स्वास्थ्य सेवाको विकास, अन्धोपन न्यूनीकरण तथा सर्वसाधारणलाई सर्वसुलभ, गुणस्तरीय र सहज आँखा उपचार सेवा विस्तारमा संघले पुर्‍याएको योगदानलाई स्मरण गर्दै आँखा स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्दै सुरक्षित दृष्टिका लागि सबै सरोकारवालालाई सहकार्य र सक्रिय सहभागिताका लागि प्रेरित गर्न विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छ ।

यस वर्ष ४८औं नेत्रज्योति दिवस 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी, आँखा सेवामा साझेदारी' भन्ने मूल नाराका साथ मनाइँदै छ । यस नाराले आँखा स्वास्थ्य सेवा विस्तार र अन्धोपन न्यूनीकरणको अभियान केवल सरकार, कुनै एक निकाय वा संस्थाको जिम्मेवारी मात्र नभई सम्पूर्ण समाजको साझा दायित्व भएको सन्देश दिएको छ ।

### अन्धोपन न्यूनीकरणमा उल्लेखनीय उपलब्धि

नेपालले पछिल्ला चार दशकमा आँखा स्वास्थ्य सेवामा उल्लेखनीय प्रगति गरेको छ । राष्ट्रिय सर्वेक्षण (सन् १९८१)ले नेपालमा अन्धोपनको दर ०.८४ प्रतिशत रहेको देखाएको थियो । निरन्तर प्रयास, उपचार सेवाको विस्तार, जनचेतना अभिवृद्धि र आधुनिक शल्यक्रिया प्रविधिको प्रयोगका कारण अहिले यो दर घटेर ०.२८ प्रतिशतसम्म झरेको छ ।

यो उपलब्धि केवल स्वास्थ्य सेवाको विस्तारमात्र होइन, प्रभावकारी योजना, समुदायको सहभागिता र संस्थागत प्रतिबद्धताको परिणाम हो । नेपालले अपनाएको अन्धोपन न्यूनीकरणको 'मोडेल' विश्वका अन्य विकासोन्मुख मुलुकहरूका लागिसमेत उदाहरणीय मानिएको छ ।

### देशभर फैलिएको आँखा सेवा सञ्जाल

नेपाल नेत्रज्योति संघले देशभर आँखा स्वास्थ्य सेवा सञ्जाल निर्माण गरेको छ । हाल संघअन्तर्गत २८ आँखा अस्पताल, २२६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखा सञ्चालनमा छन् । यी संस्थाहरूमार्फत हिमाली क्षेत्रका दुर्गम गाउँदेखि तराईका समथर भूभागसम्मका नागरिकलाई सहज र गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराइँदै आएको छ । हजारौं स्वास्थ्यकर्मी, प्राविधिक तथा स्वयंसेवकहरूको सक्रिय योगदानले आँखा स्वास्थ्य सेवा विस्तारलाई प्रभावकारी बनाएको छ ।

संघको स्थापनादेखि सन् २०२४ को अन्त्यसम्म आइपुग्दा संघको सञ्जालमार्फत चार करोड ६८ लाख ६८ हजारभन्दा बढी बिरामीलाई आँखा उपचार सेवा प्रदान गरिसकिएको छ भने ५३ लाखभन्दा बढी बिरामीको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको छ । यी तथ्यांकहरूले नेपालमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तारमा संघले खेलेको भूमिकालाई स्पष्टरूपमा उजागर गरेको छ ।

### समुदायमै पुग्ने आँखा सेवा

नेपालको भौगोलिक बनावट जटिल भएकाले स्वास्थ्य सेवा दुर्गम क्षेत्रमा पुर्‍याउनु चुनौतीपूर्ण हुन्छ । यही चुनौतीलाई ध्यानमा राख्दै नेपाल नेत्रज्योति संघले समुदायमा आधारित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

घुम्ती आँखा शिविर, विद्यालयस्तरीय जाँच कार्यक्रम, निःशुल्क मोतियाविन्दु शल्यक्रिया शिविर, आँखा स्वास्थ्यसम्बन्धी जनचेतना अभियानलगायतका गतिविधिहरूबाट दुर्गम क्षेत्रका लाखौं नागरिकले सुलभ आँखा उपचार सेवा प्राप्त गरेका छन् । संघले यसका अलावा दृष्टिदोष, बाल दृष्टिविहीनता, जलबिन्दु, 'डाइबेटिक रेटिनोपेथी', न्यून दृष्टि तथा पुनर्स्थापना सेवाजस्ता विशेष कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

### अन्तर्राष्ट्रियस्तरमा नेपालको आँखा सेवा

नेपालको आँखा उपचार सेवा अन्तर ाष्ट्रियस्तरमा पनि अनुकरणीय एवं प्रशंसित हुँदै गएको छ । गुणस्तरीय सेवा, दक्ष जनशक्ति तथा तुलनात्मकरूपमा कम लागतका कारण छिमेकी देशहरू भारत, बंगलादेश र भुटानलगायतका मुलुकका नागरिकहरूसमेत नेपालमा आँखा उपचारका लागि आउने गरेका छन् ।

नेपाल नेत्रज्योति संघका अस्पतालहरूमा उपलब्ध प्रभावकारी सेवा र उच्च सफलता दरका कारण विदेशी बिरामीहरूको संख्या क्रमशः बढ्दै गएको छ । उपलब्ध तथ्यांकअनुसार सन् २०२४ मा मात्र नेपाल नेत्रज्योति संघको सञ्जालमार्फत नौ लाख सात हजारभन्दा बढी विदेशी नागरिकको आँखा परीक्षण गरिएको थियो भने करिब एक लाख ६२ हजारभन्दा बढी बिरामीको आँखाको शल्यक्रिया गरिएको थियो ।

यसले नेपाललाई आँखा उपचारको सम्भावित चिकित्सा पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने सम्भावना पनि बढाएको छ । नेपाल सरकारसँगको सहकार्यमा नेपाललाई आँखा उपचारको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने प्रयासहरू पनि अघि बढिरहेका छन् ।

नेपाल नेत्रज्योति संघले नेपाली दूतावासहरूको सहकार्यमा विदेशमासमेत आँखा शिविर सञ्चालन गर्दै प्रवासी नेपाली तथा स्थानीय समुदायलाई सेवा प्रदान गर्दै आएको छ । साथै, विशेषगरी वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूलाई लक्षित गरी विदेशमा थप आँखा शिविर सञ्चालन गर्ने योजनासमेत अघि बढाइएको छ, जसले उनीहरूको आँखा स्वास्थ्य पहुँचलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

### आधुनिक प्रविधि र हरित अस्पतालतर्फ

पछिल्लो समय नेपाल नेत्रज्योति संघले आधुनिक प्रविधिको प्रयोगमा विशेष ध्यान दिँदै आएको छ । मोबाइल हेल्थ, टेलि-अफ्थाल्मोलोजीलगायतका प्रविधिको प्रयोगमार्फत दुर्गम क्षेत्रमासमेत विशेषज्ञ सेवा विस्तार गर्ने प्रयास भइरहेको छ । यसका साथै संघले आफ्ना अस्पताल तथा उपचार केन्द्रहरूलाई हरित अस्पतालका रूपमा विकास गर्ने लक्ष्य पनि अघि सारेको छ ।

### आगामी चुनौतीहरु

नेपालले अन्धोपन न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल गरे पनि आगामी दिनमा चुनौतीहरू अझै बाँकी छन् । बढ्दो जनसंख्या, औसत आयुमा वृद्धि, मधुमेहजन्य आँखाका रोगहरूको वृद्धि, बाल दृष्टिविहीनता, ग्रामीण क्षेत्रमा सेवा पहुँच विस्तारलगायत चुनौतीहरू रहेका छन् । यी चुनौतीहरूको सामना गर्न जनचेतना अभिवृद्धि, आधुनिक प्रविधिको प्रयोग, दक्ष जनशक्ति उत्पादन तथा सार्वजनिक-निजी साझेदारीलाई अझ सुदृढ बनाउनु आवश्यक छ ।

### साझा जिम्मेवारीको अभियान

४८औं नेत्रज्योति दिवस नेपालको आँखा स्वास्थ्य क्षेत्रमा हासिल भएका उपलब्धिहरूको स्मरण गर्नेमात्र होइन, आगामी दिनका लागि नयाँ प्रतिबद्धता व्यक्त गर्ने अवसर पनि हो । नेपाल सरकार, विकास साझेदार, स्वास्थ्यकर्मी, स्वयंसेवक, आमसञ्चारमाध्यम तथा सम्पूर्ण समुदायको सहकार्यबाटमात्रै अन्धोपन न्यूनीकरणको अभियानलाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

नेपाल नेत्रज्योति संघले विगत चार दशकभन्दा बढी समयदेखि सञ्चालन गर्दै आएको दृष्टि जोगाउने अभियानलाई अझ सशक्त बनाउन आज सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ । यस अवसरमा नेपाल नेत्रज्योति संघले विगत चार दशकभन्दा बढी समयदेखि सञ्चालन गर्दै आएको आँखा स्वास्थ्य सेवाको अभियानलाई अझ प्रभावकारी र सर्वसुलभ बनाउँदै देशका दुर्गम तथा पिछडिएका समुदायसम्म गुणस्तरीय आँखा उपचार सेवा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी, आँखा सेवामा साझेदारी' भन्ने नारालाई आत्मसात् गर्दै विभिन्न सरकारी निकाय, विकास साझेदार, स्वास्थ्यकर्मी तथा समुदायको सहकार्यबाट नेपालमा अन्धोपन न्यूनीकरण तथा दृष्टि संरक्षणको अभियानलाई अझ सशक्त बनाउने विश्वास लिइएको छ । ४८औं नेत्रज्योति दिवसको अवसरमा सबै सरोकारवालाहरूलाई आँखा स्वास्थ्य प्रवर्द्धन र सुरक्षित दृष्टिका लागि सक्रिय सहभागिताको हार्दिक आह्वान गर्दछौं । *रासस*

*(लेखक डा. मिश्र नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक हुन्)*

## पाठक मञ्च

# मूल्यवृद्धिको चक्रव्यूहमा जनजीवनः नयाँ सरकारलाई सुझाव

नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारको बहाना बनाउँदै बुधबार मध्यरातदेखि लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर १५ रूपैयाँको जुन भारी वृद्धि गरेको छ, यसले आमउपभोक्ताको ढाड सेक्ने काम गरेको छ । चैत १ गतेमात्र मूल्य समायोजन गरेको निगमले ११ दिन पनि नबित्दै पुनः मूल्य बढाउनुले सरकारको अदूरदर्शिता र संवेदनहीनतालाई छर्लंग पारेको छ ।

### पेट्रोलियम पदार्थको अभाव र सम्भावित संकट

निगमले खरिद मूल्यमा भारी वृद्धि भएको तथ्यांक अघि सारिरहँदा बजारमा पेट्रोलियम पदार्थको कृत्रिम अभाव हुने संकेत देखिन थालिसकेको छ । मूल्य बढ्ने सूचना चुहावट हुँदा पम्पहरूले मौज्दात लुकाउने र उपभोक्ताले अत्तालिएर भण्डारण गर्ने प्रवृत्तिले आपूर्ति शृंखला नै खल्बलिने जोखिम छ । यदि इन्धनको नियमित आपूर्ति सुनिश्चित हुन सकेन भने यसले ऊर्जा संकटमात्र निम्त्याउँदैन, देशको समग्र अर्थतन्त्रलाई नै ठप्प बनाउन सक्छ ।

### बजारमा महँगीको पराकम्प

इन्धनको मूल्यवृद्धि हुनु भनेको केवल यातायात खर्च बढ्नुमात्र होइन । यसको प्रत्यक्ष असर ढुवानीमा पर्छ, जसका कारण भान्सामा प्रयोग हुने चामल, दाल, तेलदेखि तरकारीसम्मको मूल्य आकासिने निश्चित छ । काठमाडौंमा पेट्रोलको मूल्य १८७ रूपैयाँ पुग्नुले न्यून आय भएका श्रमजीवी वर्गलाई बिहान-बेलुका हातमुख जोर्नै धौ-धौ पर्ने अवस्था सिर्जना गरेको छ । बजार अनुगमन फितलो हुँदा व्यापारीहरूले इन्धनको मूल्यवृद्धिलाई बहाना बनाएर अस्वाभाविक मूल्यवृद्धि गर्ने बाटो खुलेको छ । बजारमा अहिले पनि खाने तेललगायत खाद्यसामग्रीहरूको भाउ उच्च दरले बढिसकेको छ । यसको मारमा आम उपभोक्ता परिसकेका छन् ।

### सरकारको फितलो तयारी

अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा त्यसको प्रभाव पर्नु स्वाभाविक भएता पनि सरकारसँग यसको वैकल्पिक योजना शून्य देखिन्छ । इन्धनमा लगाइएका विभिन्न शीर्षकका करहरू कटौती गरेर जनतालाई राहत दिनुको सट्टा सरकार मूकदर्शक बनेको छ । विद्युतीय सवारीसाधनको प्रवर्द्धन र जलविद्युत्को खपत बढाउने ठोस नीति कागजमामात्र सीमित छ । संकटको समयमा प्रयोग गरिने भनिएको 'मूल्य स्थिरीकरण कोष'को उपयोग कता भइरहेको छ, त्यो पनि रहस्यकै विषय बनेको छ । इन्धनको खपत घटाउन जोरबिजोर प्रणाली लागू गर्ने, हप्तामा दुई दिन बिदा दिने, घरबाटै काम गर्ने, विद्युतीय चुलो तथा सवारीसाधन प्रयोग गर्न प्रोत्साहन गर्ने जस्ता योजनामा सरकारले छलफल गरिरहेको बताइए पनि आजै नयाँ सरकार गठन हुने भएकोले नयाँ सरकारले यसलाई कसरी अगाडि बढाउँछ, प्रतीक्षा गर्नुपर्ने भएको छ ।

गठन हुँदै गरेको नयाँ सरकारलाई तत्काल निम्न कदम चाल्न सुझाव दिन चाहन्छुः

१. इन्धनमा लगाइएका अनावश्यक करहरू केही समयका लागि हटाएर मूल्य घटाउन पहल गरियोस् ।
२. बजारमा हुने कालोबजारी र कृत्रिम अभाव रोक्न कठोर अनुगमन गरियोस् ।
३. सार्वजनिक यातायातको भाडा नियन्त्रण र दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि रोक्न ठोस कदम चालियोस् ।

जनताको धैर्यताको बाँध फुट्नुअघि नै सरकारले यो 'मूल्यवृद्धि'को आतंकबाट नागरिकलाई मुक्ति दिलाओस् । इन्धनको मूल्य बढ्नु भनेको देशको विकास र नागरिकको जीवनस्तर घट्नु हो भन्ने कुरा राज्यले बेलैमा बुझोस् ।

**- अशोक घिमिरे**
सातदोबाटो, ललितपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**विजयसालका भाँडाकुँडा** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–८ नौखरीका स्थानीय काष्ठ उद्यमीले विजयसालबाट तयार गरेको भाँडाकुडा छान्दै ग्राहक । विजयसाललाई बहुगुणी आयुर्वेदिक औषधिका रूपमा लिने गरिन्छ । *तस्बिरः रासस*

# गुडिरहेको एम्बुलेन्सभित्रै उपचार गरेपछि जोगियो युवकको ज्यान

■ नवीन रिजाल

**दैलेख–** दुर्गम भेगका सरकारी अस्पतालमा चिकित्सक नै जान नमान्ने र गए पनि राम्रो उपचार सेवा प्रदान नगर्ने गुनासो पटक-पटक सुनिँदै आएको हो । तर यहाँस्थित दैलेख अस्पतालका एक चिकित्सकले भने विशेष सक्रियता देखाउँदा धारिलो हतियार प्रहारबाट गम्भीर घाइते भएका आठबीस नगरपालिका-७ गैराखेतका एक युवकको ज्यान जोगिएको छ ।

अस्पतालका इञ्चार्ज डा. मनोज विश्वकर्माको टोलीले सदरमुकामदेखि ११० किलोमिटर टाढाको सो स्थानमा पुगेर गुडिरहेको एम्बुलेन्सभित्रै आपत्कालीन उपचार गरेको हो । २७ वर्षीय जीवन चन्दलाई बुधबार राति ३१ वर्षीय जिराबहादुर चन्दले धारिलो हतियार प्रहार गरी नाडी नै छिनाल्ने प्रयास गरेका थिए ।



मदिरा सेवन गरी भएको सामान्य विवाद र पुरानो रिसइबीका कारण सो घटना घटेको प्रारम्भिक अनुमान गरिएको छ । घटनास्थल सदरमुकामदेखि टाढा र सञ्चार सम्पर्कविहीन क्षेत्रमा रहेकाले घाइतेलाई समयमै अस्पताल पुऱ्याउन चुनौतीपूर्ण थियो ।

घाइतेको अवस्था नाजुक रहेको र अत्यधिक रक्तस्राव भइरहेको जानकारी पाउनासाथ डा. विश्वकर्माको टोली बिरामी कुरेर बस्नुको साटो आफैं औषधि र उपकरणसहित घटनास्थलतर्फ लागेका थिए । डा. विश्वकर्माको टोलीले सात्तलाको पुलबजारमा एम्बुलेन्स भेटेपछि सो एम्बुलेन्समा चढी गुडिरहेकै अवस्थामा प्राथमिक शल्यक्रियात्मक उपचार गरी रक्तस्राव रोक्न सफल भएको थियो ।

'घाइते बोल्न सक्ने अवस्थामा थिएनन्, गम्भीर चोटले गर्दा रगत धेरै बगिसकेको थियो । यदि हामी बाटोमै नपुगेको भए रक्तअल्पताका कारण बाटोमै बिरामीको ज्यान जान सक्ने जोखिम थियो,' डा. विश्वकर्माले भने । चिकित्सकको यो कदमले घाइतेको अवस्था स्थिर भएपछि उनलाई तत्काल कर्णाली प्रदेश अस्पताल सुर्खेत पठाइएको थियो ।

कर्णाली प्रदेश अस्पताल सुर्खेतका चिकित्सक डा. ईश्वर बलामीका अनुसार बाटोमा डा. विश्वकर्माको टोलीले गरेको उपचारका कारण बिरामीको ज्यान बचाउन ठूलो मद्दत पुगेको छ । यद्यपि, चोट गहिरो भएकाले थप विशेषज्ञ उपचारका लागि घाइतेलाई काठमाडौं 'रिफर' गरिएको उनले बताए ।

घटनाका अभियुक्त जिराबहादुर चन्दको भने खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक पुष्पराज रोकायकाअनुसार फरार अभियुक्तको खोजीका लागि प्रहरी परिचालन गरिएको छ । सरकारी अस्पतालका चिकित्सकले देखाएको यो व्यावसायिक धर्म र मानवीय संवेदनाको स्थानीयस्तरमा उच्च प्रशंसा भएको छ । *रासस*

# लुम्बिनी प्रादेशिक अस्पताल न्यूनतम सेवा मापदण्ड मूल्यांकनमा उत्कृष्ट

**लुम्बिनी (प्रस)–** यहाँको बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल सेवा तथा सुविधाका रूपमा उत्कृष्ट घोषित भएको छ । उक्त अस्पतालले न्यूनतम सेवा मापदण्ड मूल्यांकन (एमएसएस)मा उत्कृष्ट नतिजा प्राप्त गरेको हो । विगत दुई वर्षदेखि यस अस्पतालले उत्कृष्टता हासिल गर्दै आएको छ । यस वर्ष पनि 'सेकेण्डरी बी' लेभल मूल्यांकनमा सुधार गर्दै ९० अंकसहित तेस्रोपटक नेपालमै प्रथम भएको हो ।

अस्पतालमा आयोजित सेवा मूल्यांकन समीक्षा कार्यक्रममा यहाँ उपलब्ध सेवा, उपकरण, भौतिक संरचना तथा जनशक्तिलगायतका बारेमा प्रस्तुति गरिएको थियो । लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले सरकारी अस्पतालमा सेवा लिन जाँदा नाक खुम्च्याउनुपर्ने अवस्थाको अन्त्य हुँदै गएको बताए । उनले मूल्यांकन अंकमामात्र नभई जनताले पनि महसुस गर्ने गरी काम गर्न निर्देशन दिए ।




स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रोशनलाल चौधरीले सेवालाई थप विशिष्टीकृत गर्दै लैजान आग्रह गरे । अस्पतालका मेडिकल सुपरीटेण्डेण्ट डा. इन्द्र ढकालले न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा प्राप्त नतिजा पर्याप्त नभएकाले थप सुधारका योजनासाथ काम गरिरहेको उल्लेख गरे । अस्पतालमा हाल ५१ जना विशेषज्ञ चिकित्सकसहित ८५० बढी स्वास्थ्यकर्मी तथा कर्मचारीमार्फत सेवा प्रदान हुँदै आएको छ ।

# कर्णाली प्रदेशमा ८६१ क्षयरोगी भेटिए

**सुर्खेत (प्रस)–** कर्णाली प्रदेशका १० जिल्लामा चालु आर्थिक वर्षको आठ महिनामा ८६१ जना क्षयरोगी भेटिएका छन् ।

स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका क्षयरोग तथा कुष्ठरोग अधिकृत पदमबहादुर केसीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा एक हजार ७१४ क्षयरोगी भेटिएकामा आव २०८१/८२ मा घटेर एक हजार ५३९ भेटिएका थिए । चालु आर्थिक वर्षमा सुर्खेतमा २९६, हुम्लामा १९, सल्यानमा १०४, जाजरकोटमा १०१, रुकुम पश्चिममा ९२, दैलेखमा ८३, कालिकोटमा ४६, जुम्लामा ४५, डोल्पामा २१ र मुगुमा १९ जना बिरामी पत्ता लागेको उनले जानकारी दिए ।

हाल प्रदेशमा ४१५ क्षयरोग उपचार केन्द्र, दुई 'एमडिआर' उपचार केन्द्र र १० वटा विशेषज्ञ केन्द्र सञ्चालनमा छन् ।

# मार्ग खुलेको १६ वर्षपछि सडक स्तरोन्नति थालियो



**म्याग्दी–** म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि फुलबारी-च्युरीबोट-सिस्नेरी हुदै बागलुङको तमानखोला जोड्ने सडक स्तरोन्नति थालिएको छ । मालिका गाउँपालिकाले यस सडकको बतासे-फुलबारी खण्डमा स्तरोन्नतिका लागि आयोजना सुरु गरेको हो । वि.सं. २०६६ मा मार्ग खुलेको यस सडक सामान्य मर्मतको भरमा सञ्चालन हुँदै आएको थियो ।

प्रदेश समपूरक शीर्षकमा गाउँपालिकाले चालु आर्थिक वर्षमा एक करोड रूपैयाँ बजेट बिनियोजन गरेको यस आयोजना निर्माणका लागि मंगला कन्ट्रक्सन बाबियाचौरले ६५ लाख २३ हजार रूपैयाँमा गत माघ २६ गते ठेक्का सम्झौता गरेको थियो । आगामी असार १५ गतेसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्य अघि नै सम्पन्न गर्ने कार्ययोजनाअनुसार पहिलो चरणमा डोजर परिचालन गरेर सडक फराकिलो पार्ने कामलाई तीव्रता दिएको निर्माण कम्पनीका प्रतिनिधि चक्रलाल पाण्डेले बताए ।

हाल ३.५ देखि चार मिटर चौडाइ भएको सडकलाई कम्तीमा छ मिटर फराकिलो पार्न भित्ता काट्ने काम भइरहेको छ । फराकिलो पारेपछि करिब ५०० मिटर दूरीमा नाली, ग्रेड, घुम्ती मिलाउने, ग्याबियन, पलम पर्खाल निर्माण र ढलान गरिने निर्माण व्यवसायी पाण्डेले बताए ।

मालिका गाउँपालिकाको प्राविधिक शाखाका प्रमुख दीपक सापकोटाका अनुसार यस आयोजनामार्फत ११ हजार घनमिटर भित्ता काट्ने, ४४५ घनमिटर ग्याबियन जालीको पर्खाल, २५४ घनमिटर नाली, २५० घनमिटर ढलान र २७ घनमिटर पलम पर्खाल निर्माण हुने छ ।

यसअघिको वर्षमा थापाचौरदेखि देविस्थान जाने घुम्तीसम्मको खण्डमा स्तरोन्नति भएको थियो । यो सडक मालिका गाउँपालिकाको ४, २, ३ नम्बर वडाका साथै बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्छन् । यो मालिका गाउँपालिकाको चालु आर्थिक वर्षको प्राथमिकताप्राप्त आयोजना भएको प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र ढकालले बताए । *रासस*

# बाँदरका कारण बाँझिदै खेतीयोग्य जमिन

**भोजपुर–** बाँदरले दुःख दिन थालेपछि भोजपुरमा खेतीयोग्य जमिन बाँझो हुने क्रम बर्सेनि बढेको छ । बाँदरबाट अन्नबाली जोगाउन नसक्ने अवस्था भएपछि किसानहरू खेतीपाती छाड्न बाध्य भएका छन् भने कतिपय परिवारले वैकल्पिक रोजगारी र सुरक्षित बसोबासको खोजीमा बसाइँसराइ रोजेका छन् । बाँदरको दुःख कम नभएपछि ग्रामीण बस्तीहरू क्रमशः सुनसान बन्दै गएका छन् ।

स्थानीय कृषकका अनुसार बाँदर समूहमा आउने र पाक्नै लागेको बाली लक्षित गरी आक्रमण गर्ने गर्छन् । खेत वरिपरि कराउँदै हल्ला गरे पनि केही समयपछि पुनः फर्किने भएकाले नियन्त्रण गर्न झन् कठिन भएको छ । कतिपयले डर देखाउने आकृति बनाएका छन् । खेतबारीको डिलमा कटेरा बनाएर पालैपालो खेत कुर्ने प्रयास गरे पनि दीर्घकालीन समाधान हुन सकेको छैन ।



विशेषगरी मानेभञ्याङ क्षेत्रअन्तर्गत पर्ने रामप्रसादराई गाउँपालिका-५ (साविक वडा नं. ८ र ९) मा बाँदरको समस्या ठूलो छ । स्थानीय जगतबहादुर तामाङका अनुसार यस क्षेत्रका करिब ९८ प्रतिशत बासिन्दा बसाइँ सरेपछि गाउँ रित्तोजस्तै भएको छ । 'पहिले खेतबारीमा चहलपहल हुन्थ्यो, अहिले घरका ढोका बन्द छन्, आँगनमा झार उम्रिएको छ,' उनले भने । अर्चले, भोर्लेनी, दमाईछाँप, गुराँसे राणागाउँ, थाक्ले र मोहोरियालगायतका बस्तीहरूमा अहिले अधिकांश घरहरू जीर्ण र खाली अवस्थामा छन् । एक समय हराभरा देखिने खेतबारी बाँझै छाडिएका छन् ।

खेतका कान्ला र पाखाहरू झाडीले ढाक्न थालेका छन् भने कतिपय स्थानमा बारी नै जंगलमा परिणत हुन थालेको छ । उत्पादनमुखी जमिन उपयोगविहीन बन्दै जाँदा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष असर परेको छ ।

किसानहरूका अनुसार मकै, कोदो, फापर, गहुँ, आलु तथा तरकारीजस्ता अन्नबाली बाँदरले नष्ट गरिदिने गरेको छ । 'बाँदरले लगाएको बाली छिनभरमै सखाप पारिदिन्छ,' तामाङले गुनासो गरे, 'दिनभरि खेतबारी कुरेर बस्न सकिँदैन । मिहेनत गरेर लगाएको बाली जोगाउन नसक्दा धेरैले खेती छाडे । कतिपयले त गाउँ नै छाड्नुपरेको छ ।'

जिल्लाका अन्य स्थानीय तहहरूमा बाँदर समस्या उस्तै गम्भीर रहेको कृषकहरूको गुनासो छ । कृषि नै मुख्य आम्दानीको स्रोत रहेको ग्रामीण परिवारहरू आर्थिकरूपमा मारमा परेका छन् । युवापुस्ता रोजगारीका लागि बाहिरिएपछि बचेका ज्येष्ठ नागरिक र महिलामाथि खेतबारीको जिम्मेवारी थपिएको छ, तर बाँदर आतंकका कारण उनीहरू पनि निरुत्साहित भएका छन् ।

स्थानीय सरोकारवालाहरूका अनुसार वनक्षेत्र नजिकका बस्तीहरूमा समस्या चर्को छ । मानवीय बस्ती घट्दै जादा बाँदर बाँकी रहेका बस्ती केन्द्रित बनेका छन् । दीर्घकालीनरूपमा समस्या समाधान नगरे गाउँ रित्तिँदै जाने तथा खेतीयोग्य जमिन पूर्णरूपमा बाँझिने खतरा बढ्दै गएको किसानहरूको भनाइ छ ।

बाँदर नियन्त्रणका लागि प्रभावकारी नीति निर्माण, वैज्ञानिक व्यवस्थापन, सामूहिक बाली सुरक्षा प्रणाली, क्षतिपूर्ति व्यवस्था तथा वैकल्पिक खेती प्रविधिको विकास आवश्यक रहेको स्थानीयको भनाइ छ । साथै, स्थानीय तह र सम्बन्धित निकायबीच समन्वय गरी ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने किसानहरूको माग छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## रचनात्मक...

चाहे जिल्लाको र समग्र राष्ट्रकै साझा चुनौती र अवसरको विषयमा होस्, मेरो तर्फबाट भरपुर मेहनत हुनेछ', सांसद थकालीले भने । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले आफ्नो पार्टी संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताए । नवनिर्वाचित सांसदको शपथ समारोहमा सहभागी संसद् भवन पुग्नुभएका राईले सञ्चारकर्मीसँग सरकारलाई सिर्जनात्मक सहयोग र आलोचनात्मक समर्थन गर्ने बताए । 'प्रतिपक्षमा रहेर सरकारलाई जवाफदेशी बनाउन प्रश्न गर्छौं, सहयोग गर्छौं, सरकारले गर्नुपर्ने काममा प्रतिपक्षले रचनात्मक सहयोग गर्नेछ । सरकार र देशलाई सघाउने पक्षमा सदैव सकारात्मक भूमिकामा रहने छौं । प्रतिपक्षमा रहेर सशक्त भूमिका निर्वाह गर्छौं', अध्यक्ष राईले भने ।

## धेरै आशा...

कार्कीले छ महिने अवधि रहेको चुनावी सरकारले जेन-जी आन्दोलनमा अभिव्यक्त सबै काम गर्नसक्ने अवस्था नभएको बताएकी छन् । यद्यपि यो सरकारले केही सुधारको प्रयास भने थालेको दाबी गरिन् । 'हामीले केही आधारशिला अवश्य तयार गरेका छौं । जटिल अपराध र भ्रष्टाचारको छानबिन गर्ने निकायलाई पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ काम गर्न हामीले प्रेरित गऱ्यौं । परिणामस्वरूप अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले लामो समयदेखि दबाइएका प्रकरणहरूमा मुद्दा अघि बढाएका छन् । ठेक्का लिएर काम नगर्ने, बिजुली बालेर बिल नतिर्नेजस्ता बेथितिविरुद्ध पनि सरकारले ऐतिहासिक रूपमा कठोर कदम चालेको छ,' सम्बोधनका क्रममा कार्कीले भनिन् ।

प्रधानमन्त्री कार्कीले यही निर्वाचन प्रणालीले कुनै दललाई स्पष्ट बहुमत दिन सक्दैन भन्ने भाष्यलाई गलत साबित गरिदिएकोसमेत बताइन् । 'यो निर्वाचनमा जेनजी आन्दोलनको मर्म र भावनाबमोजिम परिवर्तनका पक्षमा नागरिकहरूले स्पष्ट जनादेश दिनुभएको छ । यो संविधानमा भएको निर्वाचन प्रणालीले कुनै दलले बहुमत प्राप्त गर्न सक्दैन भन्ने भाष्यलाई गलत सावित गरिदिएको छ । नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु,' कार्कीले भनिन्, 'अन्तरिम सरकारको कार्यभार पूरा भएको र निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त भइसकेको हुँदा नयाँ सरकारलाई स्वागत गर्न म आतुर छु । र आज पूर्ण आत्मविश्वासका साथ यो देशको उज्यालो भविष्य देखिरहेकी छु । जहाँ हाम्रो एकता, इमानदारी र प्रत्येक नागरिकको परिश्रमले नयाँ इतिहास लेख्नेछ ।'

# प्रभाव दैनिक





### शुक्रबारदेखि टेलिचलचित्र 'संस्कार' प्रसारण हुने

पारिवारिक कथावस्तुमा निर्माण भएको टेलिचलचित्र 'संस्कार' शुक्रबारदेखि प्रसारणमा आउने भएको छ। निर्माण युनिटले ललितपुरमा एक कार्यक्रम गर्दै टेलिचलचित्रको प्रसारणसम्बन्धी जानकारी दिएको हो। सरोज दाहालको लेखन तथा निर्देशन रहेको 'संस्कार' ले पारिवारिक सम्बन्ध, सामाजिक मूल्य-मान्यता र जीवनका यथार्थ पक्षलाई देखाउनेछ। आरजे सिंह र निर्मला खाती निर्माता रहेको टेलिचलचित्रको छायांकन निर्मल ढकालले गरेका हुन्। आरजे सिंह, नारायण खाती, राम बुढाथोकी, सरोज दाहाल, सीमा दाहाल, चण्डिका बस्नेत, दीपक बिके, समिता रिजाल, रूष्मिता रम्तेल, निर्मला खाती, मन्दिरा पोखरेल भण्डारी, नरेन्द्र शाही, सुरजकुमार त्रिखत्री र दीपक घमाल लगायतको अभिनय रहेको छ।




शुक्रबार, १३ चैत २०८२ (Friday, 27 March 2026)


# चलचित्र विकास बोर्डद्वारा 'प्रोस्थेटिक मेकअप' तालिम सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** विशेष मेकअप (प्रोस्थेटिक मेकअप) सम्बन्धी सीप अभिवृद्धि गर्ने उद्देश्यले चलचित्र विकास बोर्डद्वारा आयोजना गरिएको तालिम सुरु भएको छ।

प्रसिद्ध मेकअप विशेषज्ञ अयाज शेखको प्रशिक्षणमा सञ्चालन हुने तालिम १७ चैतसम्म चल्नेछ। बोर्ड अध्यक्ष दिनेश डिसीले तालिम शुभारम्भ गरे। कार्यक्रममा पाका छायांकार प्रमोद प्रधान र पुरुषोत्तम प्रधान पनि सहभागी थिए।

कार्यक्रममा बोल्दै अध्यक्ष डिसीले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन प्राविधिक पक्ष सुदृढ हुनु अपरिहार्य रहेको बताए। उनले प्रोस्थेटिक मेकअप जस्तो विशेष प्रविधिले फिल्ममा चरित्र निर्माणलाई यथार्थपरक र प्रभावकारी बनाउने उल्लेख गरे।

यस्ता तालिमले नेपाली चलचित्रको गुणस्तर उकास्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। फिल्म निर्माणमा चरित्रको गहिरो प्रस्तुतिका लागि अत्यन्त आवश्यक मानिने प्रोस्थेटिक मेकअप प्रविधि नेपालमा अझै सीमित प्रयोगमा रहेको सन्दर्भमा, यस तालिमले सो क्षेत्रमा नयाँ दक्ष जनशक्ति उत्पादन गर्ने अपेक्षा गरिएको छ।

तालिममा सहभागीले कृत्रिम अंग निर्माण, अनुहारको संरचना परिवर्तन, घाउ-चोट तथा विशेष दृश्यका लागि आवश्यक मेकअप प्रविधिहरू सम्बन्धी व्यावहारिक तथा प्राविधिक ज्ञान हासिल गर्नेछन्।

चलचित्र विकास बोर्डले यस्ता सीपमूलक तालिममार्फत नेपाली चलचित्र उद्योगलाई प्राविधिक रूपमा सबल बनाउने तथा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धामा उभ्याउने लक्ष्य लिएको जनाएको छ।

# प्रधानमन्त्री शपथको पूर्वसन्ध्यामा बालेनको 'जय महाकाली' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्रीको शपथको पूर्व सन्ध्यामा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा संसदीय दलका नेता बालेन्द्र शाह (बालेन)ले 'जय महाकाली' गीत सार्वजनिक गरेका छन्। बालेनकै आधिकारिक युट्युब च्यानलमा बिहीबार साँझ रिलिज गरिएको र्‍याप गीतमा उनकै शब्द, संगीत र स्वर छ।

गीतको भिडियोमा उनले देशको पूर्वदेखि पश्चिमसम्मसँग गरेको चुनावी यात्राका दृश्यहरू समावेश गरिएको छ। उनले मानिसहरूलाई भेटेका, कुरा गरेका, थेगिनसक्नु भिडले उनको स्वागत गरेका दृश्यहरू देख्न सकिन्छ।




शुक्रबार बालेनले प्रधानमन्त्रीको शपथ लिँदैछन्। गत फागुन २१ गते भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइ सिट जितेको छ। बालेन कलाकारिता तथा इन्जिनियरिङ पृष्ठभूमिका हुन्।

# श्रेष्ठलाई 'सूर्यनारायण पुरस्कार'

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीका संस्कृतिकर्मी सञ्जयकुमार श्रेष्ठलाई 'सूर्यनारायण पुरस्कार' प्रदान गरिएको छ। सूर्यनारायण पुरस्कार संस्थाद्वारा बिहीबार बेनीमा आयोजित कार्यक्रममा अग्रज कलाकार धनकुमारी थापा र संस्थाका अध्यक्ष सुवर्णकुमार श्रेष्ठले संस्कृतिकर्मी श्रेष्ठलाई नगद रु २५ हजार र कदरपत्र प्रदान गर्नाका साथै दोसल्ला ओढाएर सम्मान गरेका हुन्।

समाजसेवी सूर्यनारायण श्रेष्ठको स्मृतिमा उनका परिवारले स्थापना गरेको संस्थाले हरेक दुई/दुई वर्षमा नेपाली लोक संस्कृति, कला र साहित्यको श्रीवृद्धि गर्न योगदान गर्ने म्याग्देलीलाई सो पुरस्कार अर्पण गर्दै आएको छ। विसं २०८२ को पुरस्कार श्रेष्ठलाई प्रदान गरिएको हो।

निरन्तर पाँच दशकसम्म गीत, सङ्गीत र नृत्यकलामा अनवरत लगावका साथै साहित्यको माध्यमबाट समाजमा पुऱ्याएको योगदानस्वरूप पुरस्कृत गरिएको पुरस्कार छनोट समितिका संयोजक कृष्णप्रसाद श्रेष्ठले बताए।

बेनीको पुरानो सांस्कृति समूह 'दोभान ब्यान्ड'का सदस्य श्रेष्ठले पचासको दशकमा 'रेल पुग्यो बम्बैमा', 'भेट भयो सलल'मा स्वरांकन गर्नाका साथै 'जिस्की नहिँड' पपगीत एल्बम बजारमा ल्याएका थिए। सम्मान र ताली (कथा सङ्ग्रह २०७२) र तिम्रै यादमा (गीत सङ्ग्रह २०७८) प्रकाशन गरेका श्रेष्ठ विगत १२ वर्षयता नेपाल भाषा मंका खःलः म्याग्दीको सांस्कृतिक संयोजकको जिम्मेवारीमा छन्।

संस्थाले २०४९ सालदेखि हालसम्म १९ जनालाई पुरस्कार प्रदान गरेको छ। भैरवबहादुर श्रेष्ठ (२०४९), टीकाबहादुर श्रेष्ठ (२०५०), दीपबहादुर खड्का (२०५२), धनकुमारी थापा (२०५३), रत्नप्रसाद श्रेष्ठ (२०५४), ठाकुरप्रसाद पराजुली (२०५६), वीरबहादुर कार्की (२०५८), खड्ग गर्बुजा (२०६०), होमनाथ सुवेदी (२०६२), लक्ष्मीप्रसाद श्रेष्ठ (२०६४), अबिरकुमार श्रेष्ठ (२०६६), ध्रुवलाल शर्मा (२०६८), अङ्गद श्रेष्ठ (२०७०), खगेन्द्रमिलन श्रेष्ठ (२०७२), डा कर्ण बानियाँ (२०७४), तुलप्रसाद श्रेष्ठ (२०७६), प्रकाशकुमार श्रेष्ठ (२०७८) र चन्द्रप्रकाश बानियाँ (२०८०) पुरस्कृत भएका थिए।

पुरस्कार वितरण समारोहमा संस्थाको मुखपत्र 'गंगा' पनि विमोचन गरिएको सचिव अजयमिलन श्रेष्ठले जानकारी दिए।



**प्रधानमन्त्री कप क्रिकेट**

# नेपाल पुलिस र आर्मी विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लबले जित हासिल गरेको छ।

माथिल्लो मुलपानी क्रिकेट मैदानमा बिहीबार भएको खेलमा पुलिसले बागमती प्रदेशलाई सात विकेटले पराजित गऱ्यो। बागमतीले दिएको २६६ रनको लक्ष्य पुलिसले ४४ ओभरमा ७ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो।

पुलिसको जितमा ओपनर शङ्कर रानाले ११६ रनको शतकीय पारी खेले। उनले १२८ बलमा १३ चौका र चार छक्का प्रहार गरे। त्यस्तै दिनेश खरेलले ७५ बलमा आठ चौका र तीन छक्काको सहयोगमा ७० रनको अर्धशतकीय पारी खेले। त्यस्तै कप्तान आरिफ शेख ४३ तथा रशिद खान १० रनमा अविजित रहे।

बलिङतर्फ बागमतीको रिजन ढकाल, सन्दीप लामिछाने र सुवास खत्रीले समान एक/एक विकेट लिए।

टस हारेर पहिला ब्याटिङ गरेको बागमतीले ४९ दशमलव २ ओभरमा सबै विकेट गुमाउदै २६५ रन बनाएको थियो। उसका लागि पवन थापाले सर्वाधिक ७९ रन जोडे। उनले १०१ बलमा ६ चौका र एक छक्का प्रहार गरे। त्यस्तै इशान पाण्डेले ८० बलमा ७१ रन बनाए। आशुतोष घिरैयाले २२, उत्तम थापाले २१ तथा कप्तान सन्दीप लामिछानेले १३ रन जोडे।

पुलिसका लागि दिनेश खरेल र रशिद खानले समान तीन/तीन विकेट लिए भने करण केसीले दुई विकेट लिए। प्रतियोगितामा तीन विभागीय टोलीसहित सात प्रदेशको सहभागिता छ। प्रतियोगिताको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख प्राप्त गर्ने जनाइएको छ।



**आर्मीको दोस्रो जित**

विनोद भण्डारीको कप्तानी इनिङ्ससँगै विभागीय टोली त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गरेको छ। तल्लो मूलपानी क्रिकेट रंगशालामा बिहीबार सम्पन्न खेलमा आर्मीले गण्डकी प्रदेशलाई ७ विकेटले पराजित गरेको हो।

गण्डकीले दिएको २१० रनको लक्ष्य पछ्याएको आर्मीले ३४ ओभरमै ३ विकेट गुमाएर पूरा गऱ्यो। यस जितसँगै आर्मी ४ अंकसहित शीर्षस्थानमा उक्लिएको छ। गण्डकी जितविहीन छ।

आर्मीका ओपनर तथा कप्तान विनोदले ५८ रनको योगदान गरे। अर्का ओपनर त्रितराज दासले ५१ रन बनाए। दुईबीच पहिलो विकेटका लागि ११० रनको महत्त्वपूर्ण साझेदारी भयो। त्यसपछि भीम शार्की ५४ रन र कुशल मल्ल ४३ रनमा अविजित रहँदै टोलीलाई सहज जित दिलाए।

गण्डकीका सुभाष भण्डारीले २ विकेट लिए भने विपिन खत्रीले १ विकेट लिए।

# आईटीएफ डेभलपमेन्ट च्याम्पियनसिपका लागि नेपाली टेनिस टोली श्रीलंका प्रस्थान

**काठमाडौं (प्रस)–** आईटीएफ डेभलपमेन्ट च्याम्पियनसिप (फाइनल) मा सहभागी हुन नेपाली टेनिस टोली बिहीबार श्रीलंकाको कोलम्बो प्रस्थान गरेको छ। मार्च २९ देखि अप्रिल १० तारिखसम्म हुने प्रतियोगितामा सर्किट १ र २ गरी छुट्टाछुट्टै प्रतिस्पर्धा हुनेछ। दुवैमा नेपालको सहभागिता रहने छ।

ब्वाइजमा विश्वविशेष डल्लाकोटी र अर्याशराज पौडेल तथा महिलामा सारा पन्त र एरा खत्रीले नेपालको चुनौती प्रस्तुत गर्ने छन्। प्रशिक्षकमा सन्तोष खत्री छन्। सन्तोष श्रीलंकामै छन्। प्रतियोगितामा एसियाका १५ राष्ट्रको सहभागिता रहने नेपाल टेनिस



संघले जनाएको छ। टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहताले बिहीबारै एक कार्यक्रमबीच बिदाइ गरे।

# एचजेएनबीएलमा आर्मीको सातौं जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली त्रिभुवन आर्मी क्लबले हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा सातौं जित हात पार्दै शीर्ष स्थानमा उक्लेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा बुधबार राती सम्पन्न खेलमा आर्मीले सोलो बास्केटबल क्लबलाई ८८-७० ले हरायो।

८ खेलमा सातौं जित हात पारेको आर्मी १५ अंक जोड्दै शीर्ष स्थानमा उक्लेको हो। टाइम्स र गोल्डेनगेटको पनि समान अंक भएपनि अंक अन्तरमा आर्मी अघि छ। गोल्डेनगेट दोस्रो र टाइम्स तेस्रो स्थानमा छ। छैटौं हार बेहोरेको सोलोको ८ खेलबाट १० अंक छ।

आर्मीले पहिलो क्वाटरमा २०-१६ को अग्रता लिएको थियो। तर दोस्रो क्वाटर सोलोले ३३-१८ ले आफ्नो पक्षमा पारेपछि हाफटाइमसम्म सोलो ४९-३८ ले अघि थियो। तर त्यसपछि आर्मीले पुनरागमान गर्द तेस्रो क्वाटर २३-१० ले आफ्नो पक्षमा



पार्दै चौथो क्वाटरअघि नै ६१-५९ को अग्रता बनायो। त्यसपछि चौथो क्वाटर पनि आर्मीले २७-११ ले आफ्नो पक्षमा पारेपछि आर्मीले सहज खेल जितेको हो।

यसअघि बुधबारै भएको पहिलो खेलमा केभिसी हाउण्ड्सले प्लेबक्स एरेनालाई १०५-७२ को अन्तरले पराजित गर्दै लगातार पाँचौ जित हात पारेको थियो। ८ खेलबाट १३ अंक जोडेको हाउण्ड्स चौथो स्थानमा छ।

नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा भईरहेको दोस्रो संस्करणको एचजेएनबीएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन्।

डबल राउण्ड रोबिनका आधारमा हुने लिगमा कूल ५६ खेल हुनेछ। लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन्। प्लेअफ अन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीबीच पहिलो क्वालिफायर हुनेछ भने लिगमा तेस्रो र चौथो हुने टोलीबीच एलिमिनेटर खेल हुनेछ। पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबीच दोस्रो क्वालिफायर हुनेछ। पहिलो र दोस्रो क्वालिफायरको विजेताबीच फाइनल खेल हुनेछ।

प्रतियोगिताको विजेताले नगद ४ लाख प्राप्त गर्नेछन् भने उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख हात पार्नेछन्। यस्तै प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित हुनेलाई पनि आकर्षक पुरस्कार प्राप्त गर्ने नेबाले जनाएको छ।



गाजा सहरको पश्चिममा विस्थापित प्यालेस्टिनीहरूका लागि बनाइएका अस्थायी पालहरू । *तस्बिरः सिन्ह्वा*

# मध्य पूर्व द्वन्द्व चर्किंदै, वार्ता अनिश्चित



**पेरिस–** मध्य पूर्वमा जारी द्वन्द्व थप जटिल बन्दै गएको छ । एकातिर सैन्य आक्रमण तीव्र भइरहेका छन् भने अर्कोतिर कूटनीतिक पहलहरू अस्पष्ट र विरोधाभासी देखिएका छन् । इजरायल र इरानबीच प्रत्यक्ष आक्रमण आदानप्रदानसँगै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरूको भूमिकाले युद्धको दिशा अझ अनिश्चित बनाएको छ ।

इजरायली सेनाले बिहीबार इरानका विभिन्न स्थानहरू, विशेषतः इस्फहानजस्ता केन्द्रीय सहरहरूमा आक्रमणको लहर चलाएको जनाएको छ । यसको जवाफमा इरानले क्षेप्यास्त्र आक्रमण गरेपछि इजरायलले आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय पारेको थियो । यस क्रममा काफ्र कासेम क्षेत्रमा दुई जना सामान्य घाइते भएको चिकित्सकहरूले बताएका छन् ।

युद्धको उद्देश्यबारे पनि नयाँ बहस सुरु भएको छ। पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले सामाजिक सञ्जालमार्फत स्ट्रेट अफ हर्मुज पुनः खोल्ने विषय युद्धको केन्द्रमा सरेको संकेत गरेका छन् । सो जलमार्ग बन्द हुनु अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा ठूलो असर पार्ने भएकाले यसको रणनीतिक महत्त्व उच्च छ ।

युद्धको असर विश्व अर्थतन्त्रमासमेत देखिएको छ । तेलको मूल्यमा वृद्धि भएको छ भने सेयरबजारमा मिश्रित प्रतिक्रिया देखिएको छ । ब्रेन्ट क्रुडको मूल्य एक प्रतिशतले बढेर १०३.२५ डलर प्रतिब्यारेल पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट १.२ प्रतिशतले बढेर ९१.४१ डलरमा कारोबार भइरहेको छ। एसियाली बजारमा उतारचढाव देखिँदा लगानीकर्ताहरू सम्भावित कूटनीतिक समाधानको प्रतीक्षामा छन् । चीनले भने परिस्थिति सुधारतर्फ सानो आशा देखिएको जनाएको छ । चिनियाँ विदेशमन्त्री वाङ यीले टर्की र इजिप्टका समकक्षीसँगको संवादमा इरान र अमेरिका दुवै वार्तामा फर्कन इच्छुक देखिएको संकेत गरेका छन्। तर यो दाबी अन्य पक्षहरूको भनाइसँग मेल खाँदैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिकरूपमा स्वीकार गर्न डराइरहेको आरोप लगाएका छन् । उनका अनुसार इरानी वार्ताकारहरू आफ्नै पक्षबाट जोखिममा पर्न सक्ने डरले खुलेर कुरा गर्न सकिरहेका छैनन् । तर इरानका विदेशमन्त्री अब्बास अराघचीले स्पष्टरूपमा वार्ता अस्वीकार गर्दै वर्तमान नीति 'प्रतिरोध'मा आधारित रहेको बताएका छन् । उनले वार्ता गर्नु भनेको हार स्वीकार्नुसरह हुने धारणा राखेका छन् ।

यसबीच अमेरिकाले इरानको सैन्य क्षमतामा ठूलो क्षति पुर्‍याएको दाबी गरेको छ । अमेरिकी सेनाका अधिकारीका अनुसार इरानका दुईतिहाइ मिसाइल तथा ड्रोन उत्पादन संरचना ध्वस्त पारिएको छ र आक्रमण क्षमतामा ९० प्रतिशतसम्म गिरावट आएको छ ।

क्षेत्रीय तनाव थप बढाउने घटनाहरू पनि भएका छन्। कुवेतले इरान समर्थित हिजबुल्लाहसँग सम्बन्धित रहेको आरोपमा छ जनालाई पक्राउ गरेको छ, जसले देशभित्र आक्रमणको योजना बनाइरहेका थिए । उता इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले केही शत्रुहरूले क्षेत्रीय सहयोगमा इरानी टापुहरू कब्जा गर्ने योजना बनाइरहेको चेतावनी दिएका छन् ।

खाडी क्षेत्रका देशहरू (साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डन)ले संयुक्त वक्तव्य जारी गर्दै इराकलाई आफ्नो भूमिबाट इरान समर्थित समूहहरूद्वारा हुने आक्रमण रोक्न आग्रह गरेका छन् । *रासस⁄एएफपी*

# 'सदाका रसायन' के हुन् ? किन खतरनाक ?

**हेलसिन्की–** दैनिक जीवनमा प्रयोग हुने धेरै सामान्य सामानमा पाइने तर शरीर र वातावरणमा सजिलै नटुट्ने रसायनहरूलाई 'सदाका लागि रसायन' भनिन्छ । यिनै रसायनका कारण स्वास्थ्य र वातावरणमा दीर्घकालीन असर पर्ने जोखिम बढेपछि युरोपेली संघ (इयू) ले तीमाथि कडा नियन्त्रणको तयारी थालेको छ ।

वैज्ञानिक रूपमा यी रसायनहरूलाई पिएफएएस (पर- एण्ड पोलिफ्लोरोआल्किल पदार्थ) भनिन्छ । यी १० हजारभन्दा बढी प्रकारका रसायनहरूको समूह हो, जुन नन-स्टिक भाँडा (जस्तै टेफलोन प्यान), पानी वा दाग नलाग्ने कपडा, कार्पेट, खाद्य प्याकेजिङ (जस्तैः पिज्जा बक्स) जस्ता वस्तुहरूमा प्रयोग गरिन्छ । यी रसायनको विशेषता के हो भने- एकपटक वातावरण वा शरीरमा पुगेपछि सजिलै नष्ट हुँदैनन् । त्यसैले तिनलाई 'सदाका लागि' अर्थात् लामो समयसम्म रहने रसायन भनिएको हो ।

विज्ञहरूका अनुसार यी पदार्थहरू पानी, माटो र खाना हुँदै मानव शरीरमा प्रवेश गर्छन् । शरीरभित्र प्रवेश गरेपछि पनि वर्षौंसम्म रहन सक्छन्। दीर्घकालीनरूपमा यिनको सम्पर्कमा रहँदा कलेजोमा क्षति, उच्च कोलेस्ट्रोल, प्रतिरक्षा प्रणाली कमजोर हुनु, सन्तान उत्पादनमा समस्या तथा क्यान्सरसमेत हुने जोखिम देखिएको छ ।

यही कारणले युरोपियन केमिकल्स एजेन्सीअन्तर्गतका दुई विज्ञ समितिहरूले यी रसायनहरूलाई नियन्त्रण गर्न कडा कदम चाल्नुपर्ने निष्कर्ष निकालेका छन् । जोखिम मूल्यांकन समिति (आरएसी)ले त यी रसायनमाथि पूर्णप्रतिबन्ध नै सबैभन्दा प्रभावकारी उपाय हुने जनाएको छ । तर सामाजिक-आर्थिक विश्लेषण समिति (एसइएसी) ले भने सबै क्षेत्रमा तत्काल पूर्णप्रतिबन्ध सम्भव नहुन सक्ने भन्दै केही आवश्यक क्षेत्र (जस्तैः चिकित्सा)का लागि सीमित छुटसहित व्यापक प्रतिबन्धको सुझाव दिएको छ । यसैअनुसार इयूले दैनिक उपभोगका धेरै सामग्रीमा पिएफएएस प्रयोग रोक्ने तयारी गरिरहेको छ । साथै, उत्पादनमा स्पष्ट लेबलिङ र उद्योगहरूका लागि विशेष सुरक्षा मापदण्ड लागू गर्ने योजना पनि अघि बढाइएको छ । *रासस⁄एएफपी*

# चीनको अन्तरिक्ष महत्त्वाकांक्षा तीव्र



**बेइजिङ–** चन्द्रमालाई केन्द्रमा राख्दै चीनले अन्तरिक्ष क्षेत्रमा आफ्नो दीर्घकालीन रणनीति तीव्र बनाएको छ, जसले विश्व शक्ति सन्तुलनमै प्रभाव पार्ने संकेत देखिएको छ । सन् २०३० भित्र मानवलाई चन्द्रमामा पुर्‍याउने लक्ष्यसहित अघि बढिरहेको चीनले त्यसपछि चन्द्र आधार निर्माण र अन्ततः मंगल ग्रहसम्म पुग्ने महत्त्वाकांक्षा सार्वजनिक गरेको छ, जसले अमेरिकाको परम्परागत वर्चस्वलाई चुनौती दिने अवस्था सिर्जना गरिरहेको छ ।

अमेरिकी अन्तरिक्ष एजेन्सी नासा आफ्नो आर्टेमिस-२ मानवयुक्त चन्द्र अभियानको तयारीमा जुटिरहेका बेला चीनले भने आफ्नो दीर्घकालीन योजनाअनुसार स्थिर रूपमा कार्यक्रम अगाडि बढाइरहेको छ । सन् १९९२ सेप्टेम्बर २१ मा सुरु गरिएको चीनको चालक दल अन्तरिक्ष कार्यक्रम 'प्रोजेक्ट ९२१' अहिले परिपक्व चरणमा पुगेको मानिन्छ । सन् २००३ मा अन्तरिक्षयात्री याङ लिवेइले पहिलो उडान गरेपछि चीनले करिब १५ वटा मानवयुक्त मिसन सफलतापूर्वक सञ्चालन गरिसकेको छ ।

सन् २०११ मा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनबाट अलग भएपछि चीनले आफ्नै 'टियांगोङ' अन्तरिक्ष स्टेसन निर्माण गर्‍यो, जसले २०२१ देखि अन्तरिक्षयात्रीहरूलाई बसोबास गराउँदै आएको छ । हाल तीन जना चिनियाँ अन्तरिक्षयात्री उक्त स्टेसनमा रहेका छन् । यस प्लेटफर्ममार्फत चीनले स्पेसवाक, डकिङ, मर्मतसम्भार तथा मानव शरीरमा अन्तरिक्षको प्रभावबारे व्यापक अनुभव संकलन गरिरहेको छ । उल्लेखनीय कुरा के छ भने, चीनको कुनै पनि मानवयुक्त प्रक्षेपण अहिलेसम्म दुर्घटनाग्रस्त भएको छैन ।

विशेषज्ञहरूका अनुसार चीनको अन्तरिक्ष कार्यक्रमको मुख्य शक्ति यसको स्थिर नीति र दीर्घकालीन योजना हो । अस्ट्रेलियाको म्याक्वेरी विश्वविद्यालयका प्राध्यापक रिचर्ड डे ग्रिजका अनुसार उच्च राजनीतिक प्रतिबद्धता, निरन्तर लगानी र औद्योगिक संरचनाको एकीकृत विकासले चीनलाई निरन्तर प्रगति गर्न सहयोग गरेको छ । उनले पश्चिमी देशहरूमा जस्तो राजनीतिक चक्रसँगै प्राथमिकता परिवर्तन नहुने भएकाले चीनको मोडेल बढी पूर्वानुमानयोग्य र जोखिम व्यवस्थापनका हिसाबले प्रभावकारी रहेको उल्लेख गरे ।

चीनले सन् २०३० सम्ममा चन्द्रमामा मानव अवतरण गराउने योजना अघि सारेको छ । यसका लागि आवश्यक प्रविधिहरू तीव्ररूपमा विकास भइरहेका छन् । सन् २०२६ मा 'मेंझाउ' नामक नयाँ अन्तरिक्ष यान परीक्षण उडानका लागि तयार पारिँदै छ, जसले पुरानो 'शेन्झाउ' लाई प्रतिस्थापन गर्ने छ । त्यस्तै, 'लङ मार्च-१०' नामक शक्तिशाली रकेट विकासको अन्तिम चरणमा पुगेको छ, जसले अन्तरिक्ष यानलाई चन्द्र कक्षामा पुर्‍याउने छ । चन्द्र सतहमा अवतरणका लागि 'लान्यु' ल्याण्डर सन् २०२८-२०२९ बीच परीक्षण हुने अपेक्षा गरिएको छ ।

चीनको लक्ष्य केवल अवतरणमा सीमित छैन । उसले सन् २०३५ सम्ममा चन्द्रमाको दक्षिणी ध्रुव नजिकै 'अन्तर्राष्ट्रिय लुनार रिसर्च स्टेसन' स्थापना गर्ने योजना बनाएको छ । उक्त क्षेत्रमा पानीको सम्भावना भएकाले वैज्ञानिक तथा रणनीतिक हिसाबले महत्त्वपूर्ण मानिन्छ । यो परियोजनामा रूससँग सहकार्य भइरहेको छ । चन्द्रमाको माटोबाट थ्रिडी प्रिन्टर प्रयोग गरी इँटा निर्माण गरेर आधार बनाउने प्रविधि परीक्षणकै चरणमा छ, जसलाई 'चाङ-८' मिसनमार्फत चन्द्रमामा प्रयोग गर्ने तयारी छ ।

चीनले चन्द्रमाको टाढाको भागसँग पृथ्वीको सञ्चार सहज बनाउन रिले उपग्रहहरूको नेटवर्क पनि विकास गरिरहेको छ । यसले भविष्यका दीर्घकालीन मिसनहरूलाई सहज बनाउने अपेक्षा गरिएको छ ।

यद्यपि चीनले यसलाई औपचारिकरूपमा अमेरिकासँगको प्रतिस्पर्धा मान्दैन । खगोलशास्त्री जोनाथन म्याकडवेलका अनुसार चीनका लागि चन्द्रमा कुनै प्रतिस्पर्धाको प्रतीक नभई स्वाभाविक प्रगतिको अर्को चरण हो । तर उनले चन्द्र आधार स्थापना भएमा सीमित उपयुक्त स्थानका कारण अमेरिकाका लागि चुनौती उत्पन्न हुने बताए ।

हालका लागि चीन अझै मानव अन्तरिक्ष उडान प्रविधिमा अमेरिकाभन्दा केही पछि रहेको विश्लेषकहरू बताउँछन् । अन्तरिक्ष विशेषज्ञ चेन लानका अनुसार नासाका 'ड्र्यागन' र 'ओरियन' यानहरू चीनका 'शेन्झाउ' भन्दा उन्नत छन् । तर सन् २०३० सम्ममा नयाँ प्रविधिसहित मानव चन्द्र अवतरण सफल भएमा चीनले यो अन्तर घटाउने अपेक्षा गरिएको छ ।

दीर्घकालीनरूपमा चीनको नजर मंगल ग्रहमा केन्द्रित छ । सन् २०४० पछि चन्द्र आधारलाई मंगल अभियानका लागि परीक्षणस्थलका रूपमा प्रयोग गर्ने योजना छ । वैज्ञानिकहरूले मंगललाई भविष्यको मानव गन्तव्यका रूपमा हेरिरहेका छन्, तर प्रारम्भिक चन्द्र परियोजनाहरू सफल नभएसम्म त्यतातर्फ ठोस कदम चालिने सम्भावना कम रहेको विश्लेषण गरिएको छ । *रासस⁄एएफपी*

# इरान द्वन्द्व चाँडै अन्त्य गर्ने ट्रम्पको संकेत

**वासिङ्टन–** इरानसँगको बढ्दो तनावबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धलाई लामो समयसम्म नलम्ब्याउने स्पष्ट संकेत दिएका छन् । उनले आफ्ना निकट सल्लाहकारहरूलाई आगामी केही हप्ताभित्रै द्वन्द्व अन्त्य गर्ने लक्ष्य रहेको बताएको एक प्रतिवेदनले उल्लेख गरेको छ । यसले कूटनीतिक समाधानतर्फ अमेरिका झुकिरहेको संकेत गर्छ ।

वाल स्ट्रिट जर्नलको प्रतिवेदनअनुसार, यस विषयमा जानकार व्यक्तिहरूलाई उद्धृत गर्दै ट्रम्पले निजी रूपमा द्वन्द्व अन्तिम चरणमा पुगेको विश्वास व्यक्त गरेका छन् । उनले सार्वजनिक रूपमा उल्लेख गरिसकेको चारदेखि छ हप्ताको समयसीमाभित्रै समाधान निकाल्नुपर्नेमा जोड दिएको बताइएको छ । यो समयसीमा सम्भवतः मे महिनाको मध्यतिर हुने भनिएको चीनका राष्ट्रपति सी चिनफिङसँगको सम्भावित शिखर भेटअघि पर्ने देखिन्छ ।





बिहीबार आयोजित एनआरसिसीको वार्षिक कोष संकलन कार्यक्रममा ट्रम्पले आफूले आठवटा युद्ध समाधान गरिसकेको दाबी गरे र इरानको सन्दर्भमा पनि त्यही उपलब्धि दोहोरिने विश्वास व्यक्त गरे । उनले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिकरूपमा स्वीकार गर्न हिच्किचाइरहेको टिप्पणी गरे । उनका अनुसार इरानभित्रैका शक्तिहरूबाट खतरा हुने डरका कारण उनीहरू खुलारूपमा सम्झौता गर्न सकिरहेका छैनन्, साथै अमेरिकी दबाब पनि उनीहरूका लागि चिन्ताको विषय बनेको छ ।

यसैबीच, ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले राष्ट्रपति ट्रम्पको प्राथमिकता शान्ति रहेको दोहोर्‍याएकी छन् । उनका अनुसार इरानले वार्ताको संकेत देखाएपछि केही आक्रमण योजनाहरू स्थगित गरिएको हो । ट्रम्पको कडा चेतावनीपछि इरान वार्तामा आउन तयार देखिएको दाबी गर्दै लेभिटले पछिल्ला केही दिनदेखि वार्ता 'फलदायी' भइरहेको बताइन् । उनले थप स्पष्ट पार्दै इरानलाई पुनः गलत आकलन नगर्न चेतावनी दिइन् । पछिल्लो तनावका क्रममा इरानले आफ्नो उच्च नेतृत्व, नौसेना, वायु सेना र हवाई प्रतिरक्षा प्रणालीमा ठूलो क्षति व्यहोरेको उल्लेख गर्दै, यदि इरानले वास्तविकता स्वीकार नगरेमा अमेरिका थप कडा कदम चाल्न तयार रहेको संकेत दिइन् । *रासस⁄एएनआई*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax¿ Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश(वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily


# अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८५६०० | प्रति तोला – ० | प्रति तोला – ४८२० |






**जडीबुटी गोडमेल** | सुनसरीको इटहरी–२० तरहरामा अवस्थित जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड परिसरमा हर्वल (भिक्स) बनाउन प्रयोग हुने मेन्था जडिबुटी गोडमेल गर्दै मजदुर । कम्पनीको ३७ बिघा क्षेत्रफलमा मेन्थासहित सिट्रोनेला, लेमल ग्रास, क्यामोमाइल, पामारोजा, फ्रेन्च बेसिन बाबरी, मसलालगायतको उत्पादन तथा प्रशोधन हुँदै आइरहेको छ । *तस्बिर : नवीन गड्तौला/रासस*

## नेप्सेद्वारा मार्जिन कारोबार कार्यप्रक्रिया लागू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले सेयर बजारमा मार्जिन कारोबारलाई सुरक्षित, पारदर्शी र व्यवस्थित बनाउन नयाँ 'मार्जिन कारोबार सुविधासम्बन्धी कार्यप्रक्रिया, २०८२' लागू गरेको छ ।

नेपाल धितोपत्र बोर्ड (सेबोन) को मार्जिक कारोबारसम्बन्धी निर्देशिका, २०८२ को व्यवस्थाअनुसार तयार गरिएको उक्त कार्यप्रक्रियाले मार्जिन ट्रेडिङलाई औपचारिक र नियमनको दायरामा ल्याउने लक्ष्य राखेको नेप्सेले जनाएको छ । मार्जिन कारोबार भन्नाले धितोपत्र दलाल (ब्रोकर) मार्फत ऋण लिएर सेयर किनबेच गर्ने व्यवस्था हो । यसका लागि लगानीकर्ताले कारोबार अघि 'प्रारम्भिक मार्जिन' अनिवार्य रूपमा राख्नुपर्नेछ भने कारोबारपछि 'सम्भार मार्जिन' कायम राख्नुपर्ने प्रावधान गरिएको छ । मार्जिन कारोबार सेवा दिन चाहने ब्रोकर कम्पनीहरूले नेप्सेबाट अनिवार्य अनुमति लिनुपर्नेछ । यसका लागि कम्तीमा रू २० करोड चुक्ता पुँजी, राफसाफ सदस्यता तथा निक्षेप सदस्यसँग सम्बन्धित संरचना अनिवार्य गरिएको छ । साथै, सेबोनको अनुमतिपत्र र नेप्से सदस्यता नभएसम्म यस्तो सेवा दिन पाइने छैन ।

नेप्सेले तोकेका निश्चित मापदण्ड पूरा गरेका कम्पनीका सेयरमा मात्र मार्जिन कारोबार गर्न पाइनेछ । कम्तीमा २५ लाख कित्ता सेयर सार्वजनिक रूपमा जारी भएको, नेटवर्थ चुक्ता पुँजी बराबर वा सोभन्दा बढी भएको, पछिल्लो तीन वर्षमध्ये दुई वर्ष नाफामा रहेको र आइपीओ निष्कासन भएको कम्तीमा दुई वर्ष पूरा भएको कम्पनीका सेयर मात्र यसमा समावेश हुनेछन् ।

नेप्सेले प्रत्येक आर्थिक वर्षमा यस्ता कम्पनीको सूची सार्वजनिक गर्नेछ र आवश्यक परे अद्यावधिक गर्नेछ । सूचीबाट हटाइएका कम्पनीमा भने ३० कारोबार दिनभित्र मार्जिन सुविधा बन्द गर्नुपर्ने वा शतप्रतिशत मार्जिन कायम गर्नुपर्नेछ । मार्जिन कारोबार गर्न चाहने लगानीकर्ताले ब्रोकरमार्फत छुट्टै खाता खोल्नुपर्नेछ । ग्राहक परिचय विवरण अनिवार्य हुनेछ र ब्रोकरसँग औपचारिक सम्झौता गर्नुपर्नेछ । नियमअनुसार लगानीकर्ताले खरिद रकमको न्यूनतम ३० प्रतिशत प्रारम्भिक मार्जिन राख्नुपर्नेछ । त्यसपछि बजारको अवस्था हेरी कम्तीमा २० प्रतिशत सम्भार मार्जिन कायम राख्नुपर्ने व्यवस्था गरिएको छ ।

यदि सेयर मूल्य घटेर सम्भार मार्जिन कायम हुन सकेन भने ब्रोकरले लगानीकर्तालाई 'मार्जिन कल' गर्नेछ । यस्तो अवस्थामा लगानीकर्ताले अर्को कारोबार दिनअघि आवश्यक रकम वा थप सेयर जम्मा गर्नुपर्नेछ । निर्धारित समयभित्र मार्जिन कायम नगरेमा ब्रोकरले लगानीकर्ताको अनुमतिविना नै मार्जिन खातामा रहेका सेयर बिक्री गर्न सक्ने प्रावधान राखिएको छ । अझ गम्भीर अवस्थामा मार्जिन १५ प्रतिशतभन्दा तल झरेमा तत्काल सेयर बिक्री गर्न सकिनेछ ।

## छिनछिनमा विद्युत् आपूर्ति अवरुद्ध हुने समस्यामा सुधार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** छिनछिनमा विद्युत् जाने (ट्रिपिङ) र विद्युत् रोकावट हुने समस्यामा गत आर्थिक वर्षको तुलनामा यस वर्ष उल्लेख्य सुधार देखिएको छ । नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ को तुलनामा आव २०८२/८३ मा सबै प्रदेश र केन्द्रमा छिनछिनमा विद्युत् आपूर्ति अवरुद्ध हुने (ट्रिपिङ)को संख्या र रोकावटको समय उल्लेख्य मात्रामा घटेको देखिएको हो ।

प्रसारण तथा वितरण लाइन र सबस्टेसन सुदृढीकरणसँगै प्राविधिक समस्या देखिएका ठाउँमा तत्काल गरिएको सुधारका कारण ट्रिपिङको संख्या घटेको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले बताए । उनले विद्युत् ट्रिपिङको संख्या र रोकावटको समय दुवै घट्दा त्यसले विद्युत् ग्राहकलाई प्रसस्त राहत दिएको विश्वास व्यक्त गरे ।

'एक वर्षअघि जति ट्रिपिङ हुन्थ्यो त्यसमा यो वर्ष उल्लेख्य सुधार भएको छ भन्ने तथ्याङ्कले पुष्टि गरेको छ', शाक्ले भने, 'प्राधिकरणले पछिल्लो समय प्राविधिक सुधार, प्रणालीगत सुधार, दक्ष जनशक्तिलाई तालिमसहित मर्मत सुधारमा अहोरात्र खटिएर गरेको व्यवस्थापनसहितको कामको परिणाम हो यो ।' उनले ट्रिपिङ बढी हुने सबस्टेसनको पहिचान गरी सुधार गर्ने, त्यहाँको लोड अन्त सार्नेलगायत काममा प्राधिकरण निरन्तर खटिरहेको जानकारी दिए ।



साउनदेखि फागुनसम्मको अवधिलाई हेर्दा २०८१/८२ को तुलनामा चालु आवमा ट्रिपिङ उल्लेख्य मात्रामा घटेको प्राधिकरणको तथ्यांकले देखाएको छ । सात वटै प्रदेशको तथ्यांकलाई हेर्दा पनि यही अवस्था देखिन्छ ।

■ **हितेन्द्रदेव शाक्य**
कार्यकारी निर्देशक
नेपाल विद्युत् प्राधिकरण

तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ को साउनमा १२९ पटक ट्रिपिङ भएको थियो । उक्त महिना ट्रिपिङका कारण ५९ घण्टा विद्युत् अवरोध भएको थियो । आव २०८२/८३ को सोही महिनामा ११५ पटक ट्रिपिङ हुँदा ४४ घण्टा विद्युत् अवरोध भएको थियो । आव २०८१/८२ को भदौमा १२८ पटक् ट्रिपिङ हुँदा ६४ घण्टा विद्युत् अवरोध भएको थियो । त्यस्तै, आव २०८२/८३ को भदौमा ११५ पटक ट्रिपिङ हुँदा ४१ घण्टा विद्युत अवरोध भएको तथ्यांकले देखाउँछ ।

आव २०८१/८२ को असोजमा ११२ पटक ट्रिपिङ हुँदा ६१ घण्टा, आव २०८२/८३ को असोजमा ९८ पटक ट्रिपिङ हुँदा ६१ घण्टा, आव २०८१/८२ को कात्तिकमा ७१ पटक ट्रिपिङ हुँदा ३८ घण्टा, आव २०८२/८३ को सोही महिनामा ५९ पटक ट्रिपिङ हुँदा ३१ घण्टा विद्युत अवरोध भएको प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले जानकारी दिए ।


आव २०८१/८२ को मङ्सिरमा ६८ पटक ट्रिपिङ हुँदा ३२ घण्टा, आव २०८२/८३ को सोही अवधिमा ३२ पटक ट्रिपिङ हुँदा १४ घण्टा मात्रै विद्युत् अवरोध भएको तियो । आव २०८१/८२ को पुसमा ५९ पटक ट्रिपिङ हुँदा २८ घण्टा, चालु आवको सोही अवधिमा ५० पटक ट्रिपिङ हुँदा १३ घण्टा विद्युत् अवरोध भएको शाक्यले उल्लेख गरे ।

आव २०८१/८२ को माघमा ५४ पटक ट्रिपिङ हुँदा २७ घण्टा, आव २०८२/८३ को माघमा ४४ पट ट्रिपिङ हुँदा १२ घण्टा, आव २०८१/८२ को फागुनमा ६६ पटक ट्रिपिङ हुँदा ३२ घण्टा, आव २०८२/८३ को सोही अवधिमा ४७ पटक ट्रिपिङ हुँदा १२ घण्टा मात्रै विद्युत् अवरोध भएको प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले जानकारी दिए । साउनदेखि फागुनसम्मको अवधिलाई हेर्दा २०८१/८२ को तुलनामा चालु आवमा ट्रिपिङ उल्लेख्य मात्रामा घटेको प्राधिकरणको तथ्यांकले देखाएको छ । सात वटै प्रदेशको तथ्याङ्कलाई हेर्दा पनि यही अवस्था देखिन्छ ।

चैत, वैशाख, जेठ र असारमा भने ट्रिपिङको समस्या अन्य महिनाको तुलनामा बढी हुने भन्दै प्राधिकरणले आर्थिक वर्ष २०८१/८२ को तुलनामा चालु आवका ती महिनामा पनि ट्रिपिङ घट्नेमा पूर्ण आशावादी रहेको जनाएको छ । आव २०८१/८२ को चैतमा ८६, वैशाखमा १०९, जेठमा १५० र असारमा १५३ पटक ट्रिपिङ हुँदा क्रमशः ४२, ५७, ८४ र ६५ घण्टा अवरोध भएको थियो ।


## कर्पोरेट

### सानिमा बैंक लिमिटेडले केयर ए- रेटिङ प्राप्त गर्न सफल




**काठमाडौं (प्रस)–** सानिमा बैंक लिमिटेडले केयर इज रेटिङ्स नेपालबाट ए माइनस रेटिङ प्राप्त गरेको छ । बैंकले आफ्नो विश्वसनीयता, स्थिरता र जिम्मेवार बैंकिङ प्रतिको समर्पणलाई सुदृढ गर्दै आउँदा यो मूल्यांकनबाट सम्मानित भएको छ । सानिमा बैंकको सातै प्रदेशमा हाल १३४ वटा कार्यालयहरू र १२८ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

### कुमारी बैंकद्वारा मास्टरकार्ड सेवाको सुरू




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले आफ्नो मास्टरकार्ड सेवा औपचारिक रूपमा सार्वजनिक गर्दै बैंकको डिजिटल सेवामा महत्वपूर्ण विस्तार गरेको घोषणा गरेको छ । काठमाडौंमा आयोजित एक विशेष पत्रकार सम्मेलनमार्फत बैंकले आफ्ना ग्राहकहरूका लागि बिहीबारबाट डेबिट मास्टरकार्ड जारी गर्न सुरु गरेको जानकारी गराएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले स्वागत मन्तव्य मार्फत बैंकको डिजिटल रूपान्तरण तथा ग्राहकमैत्री सेवाका क्षेत्रमा कुमारी बैंकले लिदै आएको अग्रसरताबारे संक्षिप्त रूपमा जानकारी दिदै मास्टरकार्ड जस्ता विश्वव्यापी भुक्तानी समाधानले बैंकको सेवा क्षमतामा थप वृद्धि गर्ने बताएका छन् ।

यसैगरी कार्यक्रममा कुमारी बैंकका प्रमुख डिजिटल बैंकिङ्ग अधिकृत अनिश ताम्रकारले मास्टरकार्डको महत्व, यसको प्रयोगका सम्भावनाहरू तथा ग्राहकलाई पुग्ने प्रत्यक्ष फाइदाबारे विस्तृत जानकारि दिदै यस डेबिट मास्टरकार्डले भौतिक तथा डिजिटल दुवै माध्यमको उपयोग सरल र सुरक्षित हुने बताएका छन् ।

विगत २४ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिंदै आएको कुमारी बैंकले अनवरत रूपमा विद्युतीय कारोबार मार्फत बैंकिङ सेवालाई बढी प्राथमिकता दिई आफ्ना देशभर रहेका २९७ शाखा सञ्जाल, ३१५ एटिएम, ४६ एक्सटेन्सन काउन्टर तथा ४८ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई सहज, सुरक्षित, अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि विद्युतीय कारोबारलाई प्रथमिकता दिई अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

### 'वाडा अटो शो २०२६' मा बीवाईडी गाडी किन्दा अफर



**काठमाडौं (प्रस)–** नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले वाडा अटो शो २०२६ मा सहभागिता जनाउनुका साथै विशेष अफरको घोषणा गरेको छ । पोखराको लेकसाइडस्थित तालबाराही चौरमा मार्च २५ देखि २९ अर्थात चैत ११ देखि १५ सम्म चल्ने अटो शोको स्टल ए१२ मा बीवाईडीका सवारी साधन अवलोकन गर्न सकिन्छ । कम्पनीले हाल नेपाली बजारमा उपलब्ध आकर्षक मोडलहरू प्रदर्शन गरेको छ । बीवाईडी एट्टो १- तपाईंका लागि डिजाइन गरिएको, सहरका लागि बनेको : यो एक कम्प्याक्ट र स्मार्ट इन्ट्री लेभलको एसयूभी हो । व्यावहारिक विशेषता र दक्षता सहितको यो गाडी अर्वन मोबिलिटीका लागि उपयुक्त छ ।

त्यस्तै बीवाईडी एट्टो २ - तपाईको पहिलो एसयूभी, अब इलेक्ट्रिक : यो एक भर्सटाइल र कम्फर्टेबल इलेक्ट्रिक एसयूभी हो । प्रत्येक दिनको ड्राइभिङका लागि डिजाइन गरिएको यो एसयूभीमा टेक्नोलोजी, स्पेस र कन्भेनियन्सको परफेक्ट ब्यालेन्स छ । त्यस्तै बीवाईडी एट्टो ३ - नेपालकै नम्बर १ एसयूभी : बीवाईडी एट्टो ३ एक प्रिमियम इलेक्ट्रिक एसयूभी हो, जुन सहरी तथा लामो दुरी दुवै ड्राइभिङका लागि निर्मित छ । यसमा एड्भान्स्ड टेक्नोलोजी, स्ट्रङ पर्फमेन्स र मोडर्न डिजाइन लगायतका फिचर छन् । पाँच दिनसम्म चल्ने इभेन्टमा बीवाईडीले सीमित समयका लागि विशेष अफर उपलब्ध गराउने छ । प्रत्येक गाडी बुकिङ वापत पाइने सो स्पेसल वाडा अटो शो अफर मार्फत ग्राहकका लागि इलेक्ट्रिक मोबिलिटीतिर स्विच हुने उपयुक्त मौका हुनेछ ।

## नेप्से परिसूचक १४ अंकले बढ्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यो साताको कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक १४ दशमलव २१ अङ्कले बढेर दुई हजार ९५० दशमलव १६ को विन्दुमा कायम भएको हो ।

३४३ कम्पनीको तीन करोड चार लाख ३८ हजार ३१५ कित्ता शेयर एक लाख ४२ हजार ७३४ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब १६ करोड २२ लाख ९९ हजार १७ दशमलव ४८ को कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक शून्य दशमलव शून्य पाँच, जीवन बिमा शून्य दशमलव शून्य चार र व्यापार समूह दुई दशमलव ८४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

बैंकिङ शून्य दशमलव ३७, वित्त शून्य दशमलव १७, होटल तथा पर्यटन एक दशमलव ५६, जलविद्युत् एक दशमलव ५६, लगानी शून्य दशमलव ५१, उत्पादन तथा प्रशोधन एक दशमलव ५०, लघुवित्त शून्य दशमलव २०, निर्जीवन बिमा शून्य दशमलव ४३ र अन्य समूह शून्य दशमलव ६५ प्रतिशतले बढेका छन् ।

रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड र होटल फरेन्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ४८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु ९४ करोड २९ लाख ८० हजार ४६ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सफ्याका आधारमा सबैभन्दा बढी नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको १४ लाख ८३ हजार ३३१ कित्ता शेयर किनबेच भएको छ ।


**यौन हिंसाबाट बचौं र बचाऔं**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुनसक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीब्यहोरा अस्वाभाविक परिवर्तन हुनसक्छ, त्यस्तो पाइए उनीहरूसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ